# हाम्रो सूर्यविनायक

कक्षा ६

**लेखक**

निशान निष्कर्ष
राजेश घिमिरे
डिल्लीप्रसाद वाग्ले

# हाम्रो भनाइ

विद्यालय तहको शिक्षालाई जीवनोपयोगी, व्यावहारिक, स्थानीय स्रोत र साधनसँग परिचित गराउँदै बालबालिकामा अन्तर्निहित प्रतिभालाई प्रस्फुटन गराउने मूल ध्येयका साथ सूर्यविनायक नगरपालिकाद्वारा तयार पारिएको स्थानीय पाठ्यक्रम २०७८ का विषयवस्तु, क्षेत्र र क्रममा आधारित रहेर प्रस्तुत पाठ्यपुस्तक निर्माण गरिएको छ । यस पाठ्यपुस्तकमा स्थानीय ऐतिहासिक, सामाजिक, सांस्कृतिक, धार्मिक, पर्यटकीय स्थल तथा अन्य सेरोफेरोका महत्वपूर्ण स्थल एवम् विषयवस्तु समावेश गरिएको छ । यस पाठ्यपुस्तकमा केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका र स्थानीय आवश्यकताको आधारमा स्थानीय विषयवस्तुलाई समावेश गरिएको छ ।

यसमा धार्मिक, सांस्कृतिक विविधताभित्रको एकता,  सूर्यविनायक नगरपालिकाभित्रको पर्यटकीय सौन्दर्य, धार्मिक आस्था, प्रकृतिक स्रोत, विभिन्न परम्परागत एवम् आधुनिक प्रणाली, जात्रा तथा उत्सवजस्ता निधिलाई विषयवस्तुभित्र समेटिएको छ । यसले गर्दा यस सूर्यविनायक नगरपालिकाअन्तर्गतका विद्यालयबाट आधारभूत तह उत्तीर्ण गरेका विद्यार्थीले उल्लिखित विषयवस्तुसँग सम्बन्धित पाहुनालाई मार्गदर्शन गर्न सक्ने पाठ्यक्रमको अपेक्षालाई यस पाठ्यपुस्तकले समेटेको छ । पाठ्यपुस्तकमा बालबालिकाको उमेर, कक्षा र तहगत सिकाइस्तर फरक हुने हुनाले यस पक्षमा पनि ध्यान पुऱ्याइएको छ । पाठ्यक्रम तथा पाठ्यपुस्तक परिवर्तन निरन्तर प्रक्रिया भएकाले आगामी दिनमा सरोकारवाला निकाय, शिक्षक, विद्यार्थी, अभिभावक, पाठक र विद्वान्‌बाट प्राप्त रचनात्मक सुझावका आधारमा परिमार्जन गर्दै लगिने छ । यसलाई क्रियाकलापमुखी र विद्यार्थी केन्द्रित बनाउने, रङ्गीन चित्र राख्ने र सिर्जनात्मक क्षमता वृद्धि गर्ने खालका अभ्यास सामग्री समेट्ने तथा आवश्यकताअनुसार शिक्षण निर्देशन दिइएको छ । यस पुस्तकमा क्रियाकलापअर्न्तगत रहेका सामूहिक क्रियाकलाप तथा सिर्जना/परियोजनाअर्न्तगतका निर्देशनअनुसार विविध कार्य गरी विद्यार्थीलाई शिक्षण गराउनु आवश्यक रहेको छ ।

यसमा पाठमा पाठ्यक्रमलाई आधार बनाउँदै विद्यार्थीको ज्ञानको दायरालाई नवीन शैलीमा विकास गर्नका लागि पाठ सुरु हुनुअगाडि पूर्व ज्ञान राखिएको छ । जसले विद्यार्थीहरुको ज्ञानको मापन गर्दछ । त्यस्तै पाठ र अभ्यासलाई सीपमूलक बनाइएको छ भने एकाइको अन्तिममा परियोजना कार्य राखिएको छ जसका मात्तयमबाट उक्त एकाइमा सिकेका कुराको मूल्याङ्कन गरी सिकारुको बुझाइलाई मूल्याङ्कन गर्न सकिन्छ ।

पाठ्यपुस्तक शिक्षण सिकाइको महत्वपूर्ण साधन हो । यसबाट पाठ्यक्रमद्वारा लक्षित उद्देश्य हासिल गर्न मद्दत पुग्छ । यस पाठ्यपुस्तकलाई सकेसम्म क्रियाकलापमुखी र रुचिकर बनाउने प्रयत्न गरिएको छ । पाठ्यक्रमको मूल मर्मलाई सम्बोधन गर्ने किसिमका कविता, कथा, संवाद, चिठीलगायतका रचनालाई पनि स्थान दिइएको छ । यस पाठ्यपुस्तकको लेखन तथा सम्पादन निशान निष्कर्ष, राजेश घिमिरे र डिल्लीप्रसाद वाग्लेबाट भएको हो । यसको थप परिमार्जन कार्यमा नगर प्रमुख श्री वासुदेव थापा, उपप्रमुख श्री सरिता भट्टराई तिमिल्सना, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत श्री राजेन्द्र कँडेल, नगर प्रवक्ता श्री रविन्द्र सापकोटा, शिक्षा शाखा प्रमुख श्री रत्नबहादुर कटुवाल, अधिकृत श्री सरस्वती

कोइराला, श्री उल्फन अधिकारी, श्री गोकुल राउतको प्रशासकीय सहयोग तथा लेखरचना उपलब्ध गराउन श्री रत्न सायमी, श्री ज्योति अधिकारी, श्री रामकुमारी प्रजापति, श्री कर्नेश राजथला, श्री प्रज्वल अधिकारी, श्री एकेन्द्र खड्का, श्री डा. हरिप्रसाद सिलवाल र श्री आरजु सुवेदीको विशेष योगदान रहेको छ । यसको भाषा सम्पादन श्री डा. गणेश प्रसाद भट्टराईज्यूबाट र लेआउट डिजाइन श्री .... बाट भएको हो । उहाँहरूलगायत  पाठ्यपुस्तकमा सामग्री उपलब्ध लेखक र सम्बद्ध सबैप्रति नगरपालिका कृतज्ञता प्रकट गर्छ ।

अन्त्यमा पाठ्यपुस्तकमा भएका त्रुटि औँल्याइदिनु भई रचनात्मक सुझावको अपेक्षा गर्दै स्थानीय पाठ्यक्रम कार्यान्वयन गरी नगरपालिकाको उद्देश्य पूरा गरिदिन शिक्षक, विद्यार्थी र अभिभावकमा हार्दिक अनुरोध छ ।

**सूर्यविनायक नगरपालिका**

## विषय सूची


| पाठ | पाठको नाम | पृष्ठ |
| --- | --- | --- |
| **एकाइ एक : सूर्यविनायकको परिचय** | | |
| पाठ १ | सूर्यविनायकको भौगोलिक बनावट | |
| पाठ २ | वडा समितिको परिचय | |
| पाठ ३ | स्थानीय सङ्घसंस्था र भूमिका | |
| पाठ ४ | फोहोरमैला व्यवस्थापन | |
| **एकाइ दुई : हाम्रो संस्कृति, मूल्य र मान्यता** | | |
| पाठ १ | म्हः पूजा | |
| पाठ २ | असल सामाजिक व्यवहार | |
| पाठ ३ | चक्रपाणि चालिसे | |
| **एकाइ तीन : हाम्रो सम्पदा** | | |
| पाठ १ | अनन्त लिङ्गेश्वर | |
| पाठ २ | वडाध्यक्षलाई निवेदन | |
| **एकाइ चार : कृषि** | | |
| पाठ १ | करेसाबारीको निर्माण प्रक्रिया | |
| पाठ २ | स्थानीय परिकार | |
| पाठ ३ | फलफूल खेती | |
| **एकाइ पाँच : पर्यटन, उद्योग तथा व्यवसाय** | | |
| पाठ १ | हाम्रा पर्यटकीय स्थल | |
| पाठ २ | माटाको भाँडा निर्माण | |
| पाठ ३ | पशुपन्छी पालन | |
| **एकाइ छ : स्थानीय सिप र प्रविधि** | | |
| पाठ १ | मौलिक र आधुनिक प्रविधि परिचय | |
| पाठ २ | सामाजिक सञ्जालको परिचय | |

# एकाइ एक : सूर्यविनायकको परिचय

**पूर्वज्ञान**

(क) तपाईंको विद्यालयको प्राङ्गणमा उभिनुहोस् ।

(ख) तपाईंको विद्यालयमा सूर्य कताबाट उदाउँछ ? लेख्नुहोस् ।


(ग) विद्यालयको सिमानामा अरू कुन कुन कुरा रहेका छन् ? लेख्नुहोस् ।

(घ) सिमाना किन छुट्याइन्छ होला ? कक्षामा छलफल गर्नुहोस् ।

पाठ : १

## सूर्यविनायकको भौगोलिक बनावट

भूगोलले जमिनलाई बुझाउँछ । भौगोलिक बनावट भन्नाले कुनै पनि ठाउँको जमिनको अवस्थिति, वनजङ्गल तथा त्यहाँ पाइने हावापानी लाई बुझिन्छ । सूर्यविनायक नगरपालिकाको पूर्वमा बनेपा र पनौती नगरपालिका पर्छन् । पश्चिममा महालक्ष्मी र मध्यपुर थिमि नगरपालिका पर्छन् उत्तरमा चाँगुनारायण, भक्तपुर र मध्यपुर थिमी नगरपालिका पर्छन् । दक्षिणमा महालक्ष्मी र पनौती नगरपालिका पर्छन् ।




यो नगरपालिका समुद्र सतहबाट १३७२ मिटरदेखि २०२५ मिटरको उचाइसम्म पर्छ । यस नगरपालिकाको क्षेत्रफल ४२.४५ वर्ग किलोमिटर छ । नगरपालिकालाई १० ओटा वडामा विभाजन गरिएको छ । यहाँको हावापानी समशीतोष्ण प्रकारको छ । गर्मी याममा औसत तापक्रम २५ देखि ३० डिग्री हुन्छ भने जाडो याममा औसत तापक्रम ५ देखि १० डिग्री रहन्छ ।

वडा नं १ मा टारी खेतीयोग्य जमिन छ । यहाँ ढुङ्गेखोला र चरखण्डे खोला बग्छन् । वडा नं २, ३ र ४ मा प्रायजसो समथर र केही ठाउँमा होचो अग्लो भूभाग छ । यहाँ पनि खेतीयोग्य जमिन छ । वडा नं ५, ६, ७, ८, ९ र १० को अधिकांश भूभाग पहाडी क्षेत्रले ढाकेको छ । त्यहाँ केही खेती योग्य जमिन पनि छ । अधिकांश खेतीयोग्य जमिन मानिसले बसोबासका लागि प्रयोग गरेका छन् । वडा नं ९ को लगभग २९५ हेक्टर जमिन जङ्गलले ढाकेको छ । वडा नं १, ४, ६, ७, ८ मा पनि जङ्गलको भूभाग रहेको छ । वडा नं ६, ७ र ८ को वनजङ्गल क्षेत्रलाई समेटेर नेपाल सरकारले प्राणी उद्यानको निर्माण गर्दै छ । यसले पशुपन्छीलाई प्राकृतिक वातावरणमा बाँच्न अवसर प्रदान गर्ने छ । रानीखोला, महादेव खोला, बुढीगण्डकी खोला यस वडामा बग्ने खोला हुन् ।



सूर्यविनायक नगरपालिकाभित्र केही समथर केही भूभाग डाँडाकाँडा र केही भूभाग वनले ढाकेको छ । दशओटै वडामा पाइने हावापानी, तापक्रम पनि लगभग उस्तै छ ।

**अभ्यास**

**१. तलका प्रश्नका उत्तर लेख्नुहोस् :**

(क) सूर्यविनायक नगरपालिकाको पूर्व र पश्चिमको सिमाना बताउनुहोस् ।

(ख) सूर्यविनायक नगरपालिका समुद्र सतहबाट कति उचाइमा अवस्थित छ ?

(ग) सूर्यविनायक नगरपालिकाको क्षेत्रफल लेख्नुहोस् ।

(घ) वडा नं ९ को कति क्षेत्र वनले ढाकेको छ ?

(ङ) नयाँ प्राणी उद्यान कुन कुन वडामा निर्माण हुँदै छ ?

**२. तलका खाली ठाउँमा उपयुक्त शब्द राखेर वाक्य पूरा गर्नुहोस् :**

(क) वडा नं १ मा बग्ने खोलाको नाम ....र ......हो ।

(ख) प्राणी उद्यान वडा नं ......., ..र....मा बन्दै छ ।

(ग) सूर्यविनायकमा पाइने हावापानी प्रायः ....को छ ।

(घ) रानी खोला वडा नं ... मा रहेको छ ।

(ङ) हुनमन्ते खोला ...... वडा भएर बग्छ ।

**३. मानिसहरूले वनमा आगजनी गर्ने तथा रुख काटेर वनविनाश गर्ने कार्य गरिरहेका छन् । यसबाट मानिस, जनावर र वातावरणमा के कस्तो असर पर्छ ?**

**४. प्रायजसो खेतीयोग्य जमिन कित्ताकाट गरेर बिक्री भई मानिसले धमाधम घर निर्माण गरिरहेका छन् । यसले गर्दा खेतीयोग्य जमिन समाप्त हुँदै गइरहेको छ । यसले भविष्यमा के कस्तो असर पर्ला ? समूहमा छलफल गरेर निष्कर्षलाई कक्षामा प्रस्तुत गर्नुहोस् ।**

पाठ २

## वडा समितिको परिचय

शिक्षकले राजुलाई अघिल्लो हप्ता वडा समितिका बारेमा पढेर कार्यपत्र प्रस्तुत गर्न भन्नुभएको थियो । उनले आफ्नो कार्यपत्र यसरी प्रस्तुत गरे :

नमस्कार सबै जनालाई,

मेरो नाम राजु विश्वकर्मा हो । मैले तयार पारेको कार्यपत्र यसप्रकार छ :

### १. वडा समितिको गठन




नेपालको सङ्घीय कानुनअनुसार नगरपालिकाका प्रत्येक वडामा एक जना वडाध्यक्ष र चार जना सदस्य रहेको एक वडा समिति रहन्छ । वडा समितिमा कम्तीमा एक जना महिला र एक जना दलित महिला सदस्य हुनुपर्छ । सूर्यविनायक नगरपालिकामा जम्मा १० ओटा छन् । दशओटै वडामा एक एकओटा वडा समिति छन् । यस्तो वडा समिति पहिलो हुने निर्वाचन प्रणालीबाट गठन हुन्छ । १८ वर्ष उमेर पुगेका र मतादाता नामावलीमा नाम समावेश भएका मतदाताले मतदान गरेर वडा समितिको निर्माण गर्छन् । वडा समितिका पदाधिकारीको पदावधि निर्वाचित भएको मितिले पाँच वर्षको हुन्छ ।




**वडा समितिको सदस्य बन्नका लागि निम्नलिखित योग्यता चाहिन्छ :**

(क) नेपाली नागरिक हुनुपर्छ ।

(ख) कम्तीमा २१ वर्ष पूरा भएको हुनुपर्छ ।

(ग) नगरपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको हुनुपर्छ ।

(घ) कुनै कानुनले अयोग्य नठहरिएको हुनुपर्छ ।

अब म वडा समितिका कार्यहरूबारे बताउँदै छु ।

### २. वडा समितिको कार्य

नगरपालिकाका प्रत्येक वडामा गठन हुने वडा समितिका कार्य यसप्रकार छन् :

वडा समितिको काम, कर्तव्य र अधिकार कार्यपालिकाले तोकेबमोजिम हुन्छ । कार्यपालिकाले वडा समितिको काम, कर्तव्य तोक्दा निम्नलिखित कुराहरू हुनुपर्छ :

(क) वडाभित्रका योजना तर्जुमा गर्दा बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी बस्ती तथा टोलस्तरीय योजनाको माग सङ्कलन, प्राथमिकीकरण तथा छनोट गर्नुपर्छ ।
(ख) टोल विकास संस्थाको गठन र परिचालन तथा वडाभित्र सञ्चालन हुने योजनाका लागि उपभोक्ता समितिको गठन तथा सोको अनुगमन गर्ने
(ग) वडाभित्रका योजना तथा भौतिक पूर्वाधारको संरक्षण, मर्मत सम्भार, रेखदेख तथा व्यवस्थापन गर्ने

धन्यवाद ।

राजुको कार्यपत्रमा साथीहरूले नयाँ कुरा सिके भने शिक्षक धेरै खुसी हुनुभयो ।

**अभ्यास**

**१. तलका प्रश्नको छोटो उत्तर लेख्नुहोस् :**

(क) वडा समितिमा जम्मा कति जना सदस्य रहन्छन् ?

(ख) वडा समितिको प्रमुख को हुन्छ ?

(ग) वडा समितिमा कम्तिमा कति जना महिला सदस्य निर्वाचित हुनुपर्छ ?

(घ) वडा समितिको निर्वाचनमा उम्मेदवार बन्न कति वर्ष उमेर पूरा भएको हुनुपर्छ ?

**२. तलका बेठिक वाक्यलाई ठिक बनाएर लेख्नुहोस् :**

(क) वडा समिति सदस्य बन्न कम्तीमा २३ वर्ष उमेर पूरा भएको हुनुपर्छ ।

(ख) २५ वर्ष उमेर पूरा भएका प्रत्येक नेपाली नागरिकले वडा समिति सदस्य बन्न सक्ने छन् ।

(ग) वडा अध्यक्ष वडा समितिको पनि सदस्य हुन्छन् ।

(घ) नगर समितिले टोल विकास संस्थाको गठन र परिचालन गर्छ ।

(ङ) टोलभित्र सञ्चालन हुने परियोजनाको अनुगमन गर्नेकाम नगरपालिकाको हो ।

**३. तपाईं बसेको वडाको वडा कार्यालय जानुहोस् र वडा समितिमा को को सदस्य हुनुहुन्छ, सोधेर नाम लेख्नुहोस् ।**

पाठ ३

# स्थानीय सङ्घसंस्था र भूमिका

मानिसका धेरै खालका समस्या हुन्छन् । ती सबै समस्या सरकारले मात्र समाधान गर्न सक्दैन । त्यसैले स्थानीय स्तरमा मानिसलाई सहयोग गर्न अरुको सहयोग चाहिन्छ । मानिसको जीवनयापनलाई सहज बनाउन खुलेका निकायलाई सङ्घसंस्था भनिन्छ । देशका अन्य भूभागमा जस्तै सूर्यविनायक नगरपालिकामा पनि विभिन्न नामका सङ्घसंस्था स्थापना भएका छन् ।



सूर्यविनायक नगरपालिकाको वडा नं ६ मा रहेको चखुँ प्रकाश समूह र वडा नं २ मा दिदीबहिनी र एकसेस प्लानेट संस्था छन् । वडा नं ७ मा हराभरा तथा विकास मञ्च, वडा नं. ३ मा ग्रामीण पूर्वाधार तथा विकास केन्द्र र वडा नं. ८ मा डोलेश्वर बालक्लब छन् । वडा नं ५ मा अनन्तलिङ्गेश्वर महादेव मन्दिर सुधार समिति र महिला तथा बालबालिका विकास केन्द्र छन् । वडा नं ९ मा उन्नतिशील बालक्लब, वडा नं १० मा सामाजिक सहयोग मञ्च र आशापुरी महिला विकास सहकारी संस्था रहेका छन् ।

विभिन्न विद्यालय सञ्चालनका लागि बनाइएका विद्यालय व्यवस्थापन समिति पनि सङ्घसंस्थाभित्रै पर्छन् । यस्ता संस्थाको काम विद्यालयलाई राम्ररी सञ्चालन गर्नु आइपरेका कुनै पनि समस्याको छलफलद्वारा निष्कर्ष निकाल्नु हो ।

महिलासँग सम्बन्धित सङ्घसंस्थाले महिला हक, हित तथा महिला सशक्तीकरणका लागि काम गर्छन् । अप्ठ्यारामा परेका महिलालाई कानुनी तथा आर्थिक सहयोग गर्नु पनि यसको काम हो ।

बालक्लबले बालबालिकाको हक, हित, शिक्षा, स्वास्थ, सुरक्षा र अधिकारका लागि आवाज उठाउने काम गर्छन् । बालक्लब समाजमा भएका कुरीति हटाउनका लागि पनि एकजुट भएर लागेको पाइएको छ । साना बालबालिकाको एकतामा ठुलो शक्ति हुन्छ । उनीहरूको संयुक्त प्रयासबाट कतिपय ठाउँमा बालविवाह रोकिएका छन् । कुलतमा लागेका मानिस असल बाटामा हिँड्न थालेका छन् । तपाइँहरू पनि बालक्लब गठन गरेर समाजमा राम्रो काम गर्न सक्नुहुन्छ ।




रेडक्रसजस्ता संस्थाले द्वन्द्व तथा दैवी विपत् भएका ठाउँमा गएर घाइते मानिसको उपचार गर्छ । ग्रामीण भेगमा एम्बुलेन्स प्रदान गर्छ र रगत बैङ्कबाट रगत चाहिने बिरामीका लागि रगत प्रदान गर्छ ।

**अभ्यास**

**१. तलका प्रश्नका उत्तर लेख्नुहोस् :**

(क) स्थानीय सङ्घसंस्था भन्नाले के बुझिन्छ ?

(ख) सूर्यविनायक नगरपालिकामा भएका कुनै पाँचओटा सङ्घसंस्थाको नाम लेख्नुहोस् ।

(ग) विद्यालय व्यवस्थापन समितिले के काम गर्छ ?

(घ) तपाइँको विचारमा बाल क्लबले के कस्ता समाज सुधारका कार्य गर्न सक्छन् ?

(ङ) रेडक्रस सोसाइटीले मानिसलाई कसरी सहयोग गर्छ ?

**२. तपाईंले कुनै बाल क्लबको सदस्य भएर काम गर्नुभएको छ ? यदि छ भने आफ्ना अनुभव साथीलाई सुनाउनुहोस् ।**

**३. हाम्रो समाजमा सङ्घसंस्थाको आवश्यकता शीर्षकमा कक्षामा वक्तृत्वकला प्रतियोगिताको आयोजना गर्नुहोस् ।**

**४. स्थानीय तहमा रहेका संघसंस्थाहरूको के कस्तो महत्व र भूमिका रहन्छ ? समूहमा छलफल गरी चार्टपेपरमा बुँदागत रूपमा लेख्नुहोस् ।**

पाठ : ४

## फोहोरमैला व्यवस्थापन

सूर्यविनायक ६,पाण्डुबजार

२०८० जेठ २

प्यारी साथी साम्राज्ञी,

धेरै धेरै सम्झना ।

तिमीलाई चिठी नलेखेको पनि धेरै भयो । म त ठिकै छु तिमीलाई कस्तो छ नि ? मलाई आशा छ तिमीलाई पनि राम्रै होला । आज म तिमीलाई फोहोरमैला र यसका व्यवस्थापनका पक्षबारे कुरा गर्दै छु ।

फोहोर भन्नाले हाम्रो घर, अफिस, अस्पताल आदि ठाउँबाट निस्कने हामीलाई काम नलाग्ने या फाल्नुपर्ने वस्तु बुझिन्छ । यस्तो फोहोरमैला थोरै मानिस बस्ने ठाउँमा थोरै र धेरै मानिस बस्ने ठाउँमा धेरै निस्कन्छ । फोहोरमैलालाई समयमै व्यवस्थापन गर्न सकिएन भने यसबाट विभिन्न प्रकारका रोग फैलिन सक्छन् ।

**मेरो विचारमा फोहोरमैला व्यवस्थापनका धेरै उपाय छन् :**



**पहिलो उपाय (फोहोर घटाउने)**

सर्वप्रथम त हामीले सकेसम्म कम फोहोर उत्पादन गर्नेतर्फ ध्यान दिनुपर्छ । घरबाट निस्कने फोहोरलाई कुहिने र नकुहिने छुट्याउनुपर्छ । कुहिने फोहोरलाई करेसाबारीमा गाडेर वा कुनै भाँडामा कुहाएर प्राङ्गारिक मल बनाउन सकिन्छ । यस्तो मल बोटबिरुवा, फलफूल वा तरकारी बालीमा प्रयोग गर्न सकिन्छ । रासायनिक मलभन्दा प्राङ्गारिक मल धेरै राम्रो हो । यसले माटाको गुणस्तर पनि बिगार्दैन र मानव स्वास्थ्यमा पनि नराम्रो असर गर्दैन ।

**दोस्रो उपाय (पुनः प्रयोग)**

मानिसहरूले एकपटक किनेको सामानलाई पुनः प्रयोग गर्नुपर्दछ । आफूलाई अति आवश्यक सामानमात्र किन्नुपर्छ । जथाभावी सामान किन्नाले पनि फोहोर उत्पादन बढी हुन्छ । ती सामान बनाउँदा उद्योगले धेरै फोहोर उत्पादन गर्नुपर्ने हुन्छ । छिटो छिटो नयाँ सामान किन्दा पनि पुरानो सामान फोहोर बन्छ । हामीले सकेसम्म प्लास्टिकको प्रयोग गर्नुहुँदैन । प्लास्टिक सड्दैन र यसले पानी, माटो, बोटबिरुवा तथा

जीवजनावर सबैलाई नराम्रो असर गर्छ । त्यसैले फोहोर व्यवस्थापनको एउटा माध्यम पुनप्रयोग पनि हो ।



**तेस्रो उपाय (पुनःनिर्माण)**

नसड्ने फोहोरलाई नगरपालिकाले तोकेको ठाउँमा वा नगरपालिकाले पठाएको गाडीलाई दिनुपर्छ । नगरपालिकाले पनि मानव बस्ती भएका ठाउँ, जङ्गल, खोलाका तीरमा फोहोर व्यवस्थापन गर्नुहुँदैन । खोलामा फालेको फोहोर तथा प्लास्टिकजन्य पर्दाथले समुद्रमा बस्ने जीवलाई समेत नराम्रो असर पुऱ्याउँछ । सकेसम्म आधुनिक प्रविधि अपनाएर फोहोर व्यवस्थापन गर्नु राम्रो हो । फोहोरबाट मोहोर बनाउन सकिन्छ । हामीले फोहोर ठानेका कतिपय वस्तु पनि पुनःप्रयोग गर्न मिल्ने हुन्छन् । केही सामानबाट नयाँ सामान बनाउन मिल्छ । जस्तै पुराना कपडालाई पेलेर डसना बनाउन सकिन्छ । यो काममा लागेका मानिसले राम्रो आम्दानी गरिरहेका छन् ।

**अभ्यास**

**१. तलका प्रश्नका उत्तर लेख्नुहोस् :**

(क) फोहोर भनेको के हो ?

(ख) फोहोरलाई छुट्याएर फाल्नाले के फाइदा हुन्छ ?

(ग) हामीले पोलेथिनका झोला किन प्रयोग गर्नुहुँदैन ?

(घ) प्राङ्गारिक मल कसरी बनाउन सकिन्छ ?

(ङ) खोलामा फोहोर फाल्यो भने के हुन्छ ?

**२. तपाईंको विद्यालयमा फोहोर व्यवस्थापन कसरी भएको छ ? यदि सही तरिकाले फोहोर व्यवस्थापन भएको छैन भने त्यहाँको फोहोर व्यवस्थापन गर्ने उत्कृष्ट माध्यम बताउँदै प्रधानाध्यपकलाई चिठी लेख्नुहोस् ।**

**३. तपाईंको कक्षाका सबै जना मिलेर आफ्नो विद्यालयभित्र र बाहिरको फोहोर सफा गर्ने कार्यक्रम बनाउनुहोस् र कार्यान्वयन गर्नुहोस् ।**

**४. तपाईंको विद्यालयको क्यानटिन भ्रमण गर्नुहोस् र कुहिने र नकुहिने फोहोर छुट्याएको छ कि छैन जाँच गर्नुहोस् । यदि छैन भने कुहिने र नकुहिने फोहोर छुट्टाछुट्टै राख्न सल्लाह दिनुहोस् । त्यसबाट हुने फाइदा र बेफाइदाबारे उहाँहरूसँग बैठक बसी छलफल गर्नुहोस् र चार्टपेपरमा लेखेर क्यानटिनमा टाँस्नुहोस् ।**

**परियोजना कार्य**

सम्पूर्ण कक्षाका साथीलाई पाँच समूहमा विभाजन गनुहोस् । प्रत्येक समूहले तपाईंको विद्यालयको वडामा भएका सङ्घसंस्था पत्ता लगाई तल दिएको नमुनाअनुसार एक प्रतिवेदन तयार पारेर कक्षामा प्रस्तुत गर्नुहोस् :

(क) सङ्घसंस्थाको नाम :

(ख) स्थापना मिति :

(ग) सञ्चालन गर्ने व्यक्ति वा समूह :

(घ) संस्थाको काम :

# एकाइ दुई : हाम्रो संस्कृति, मूल्य र मान्यता

**पूर्वज्ञान**

**तल दिइएका चित्र हेर्नुहोस् र नाम पहिचान गर्नुहोस् :**







(क) माथिका तस्बिरले के कुरालाई जनाएको छ ?

(ख) यस्ता कुराले समाजमा कस्तो सन्देश दिन्छ ?

## पाठ १

# म्हः पूजा

म्हः पूजा आत्मालाई शुद्ध र सशक्तीकरण गर्न नयाँ वर्षको उत्सवको रूपमा  मनाइन्छ । यो नेपालका आदिबासी नेवार समुदायद्वारा मनाइने चाड हो । यो नेवार समुदायद्वारा गरिने वार्षिक अनुष्ठान पनि हो । नेपाल संवत् एक चन्द्र पात्रो हो । शङ्खधर साख्वाले नेपाली जनताको सबै ऋण चुक्ता गरी दासत्वबाट मुक्त गरेका थिए । यही सम्झनामा यो संवत्को सुरुवात गरिएको हो .।



नेपाल संवत्मा प्रत्येक तेस्रो वर्ष थप एक महिना हुन्छ । यो पात्रो मानदेव संवत् ३०४ (८८१ ईस्वी) पूरा भएपछि राजा राघवदेवको शासनकालम अस्तित्वमा आएको हो । नेपाल संवत् विश्वकै अनुपम पात्रो हो । अन्य सबै पात्रो केही शासक वा धार्मिक नेताको नाममा राखिएका छन् । नेपाल संवत् देशको नाममा राखिएको एक मात्र पात्रो हो । यो पात्रो राज्यप्रतिको सबै ऋण चुक्ता गरेर शङ्खधर साख्वाले ल्याएको भनिन्छ । यो पात्रो नेपालमा ८८८ वर्षसम्म अर्थात् सन् ८८१ देखि १७६९ सम्म निरन्तर आधिकारिक रूपमा प्रयोगमा आएको थियो । यही नेपाल संवत्को सुरुवात वा नयाँ वर्षको दिन नेवार समुदायले म्हः पूजा मनाउँछन् ।

नेपाल भाषामा म्हः पूजाको अर्थ 'आत्माको पूजा' हो । यसले आफूभित्रको आत्मालाई जनाउँछ । यस पूजाले नयाँ वर्षको शुभ सुरुवातको सङ्केत गर्छ र सहभागीका लागि समृद्धि र दीर्घायुको कामना गर्छ । काठमाडौं उपत्यकामा मात्र नभई नेपालको हरेक स्थानमा बसोबास गरेका नेवार समुदाय र विदेशमा पनि म्हः पूजा र नेपाल संवत् मनाइन्छ । यो नेपालमा नेवार समुदायले मनाउने एउटा महत्वपूर्ण चाड हो । यो पाँच दिन लामो तिहार(स्वन्ती नख) पर्वको चौथो दिनमा पर्छ । यो सामान्यतया असोज वा कात्तिक महिनामा पर्छ । म्हः पूजालाई नेवार समुदायको नयाँ वर्ष पनि भनिन्छ । यो पारिवारिक जमघट, उल्लास र आफ्नो आत्मसम्मान गर्ने पर्व हो । नवौं शताब्दीमा नेवार समुदायका राष्ट्रिय विभूति शङ्खधर साख्वाले सुरु गरेको नेपाल संवत्अनुसार यो पर्व  मनाइन्छ । यस दिनलाई नेपाल संवतको न्हु दँ पनि भनिन्छ । जसको अर्थ 'नयाँ वर्ष' हो ।



यस दिन परिवार एकसाथ भेला भएर आफ्नो शरीरको विशेष पूजा गर्छन् । भुइँमा तोरीको तेल, मास, लाभा, अक्षता, फूल र चामलको पिठो प्रयोग गरेर मण्डला बनाइन्छ । त्यसमा

अन्न, फलफूल र फूल राखेर पूजा गरिन्छ । मण्डलाले ब्रह्माण्डको प्रतिनिधित्व गर्छ । यसमा राखिएका विभिन्न वस्तु आउँदो वर्षका लागि स्वास्थ्य, धन, सुखका प्रतीक हुन् । परिवारका प्रत्येक सदस्यका लागि भुइँमा मण्डला बनाइन्छ । दैनिक जीवनमा प्रयोग हुने गाग्री, चुलो, चुलेँसी, जाँतो, कुलोजस्ता सामग्रीलाई पनि पूजा गरिन्छ । आफ्नो शरीरको शुद्धीकरणका निमित्त आत्माको प्रतीक मण्डला बनाइन्छ । यसमा पाँच प्रकारका फलफूल राखी आफ्नो अनुहारको साइजको खेलुइत(मलमल कपडाबाट बनाइएको बाती) बालिन्छ । आफ्नो शरीरको उचाइको कोका(धागो) लगाई अबिर, धूप, बत्ती र फूल चढाइन्छ र मण्डलाको पूजा गरिन्छ । घरको सबैभन्दा ज्येष्ठ महिला(नकीँ) द्वारा सबै सदस्यको पूजा गरिन्छ ।

मानिस एक चिन्तनशील प्राणी हो । यसले हरेक कुराको चिन्तन गर्ने गर्छ । चिन्तनकै क्रममा यो भूमण्डलबारे पनि चिन्तन गर्न थाल्यो । अन्त्यमा भूमण्डलमा जल, माटो, आकाश, वायु र अग्नि गरी पाँच तत्व हुने पत्ता लगायो । यी पञ्च तत्वबिना जीवनको कल्पना पनि गर्न सकिन्न । यी वास्तवमा देव तत्व हुन् । यस देवले हामीलाई जीवन दिएको हुनाले यसको पूजा गर्नुपर्छ । जल भन्नाले शरीरमा बग्ने रगत हो । माटो भन्नाले मरेपछि माटो हुने मासु एवम् हाड हो । वायु भन्नाले प्राणवायु हो । अग्नि भन्नाले शरीरमा रहेको तापक्रम हो । आकाश भन्नाले हाम्रो शरीरमा निहित आत्मा हो । तसर्थ यो शरीर पनि देवतत्व हो र यसको पनि पूजा गर्नुपर्छ । नयाँ वर्षको प्रारम्भको दिन वर्षभरि आफ्नो स्वास्थ्यको मङ्गलको कामना गरी ‘म्हः पूजा’ गर्ने गरिन्छ ।

न्हु दया भिन्तुना अर्थात् नयाँ वर्षको शुभकामना भन्दै काठमाडौं उपत्यकाको परिक्रमा गर्नु यस दिनको महत्वपूर्ण आकर्षण हो । यो नेवार समुदायको एकताको प्रतीक पनि हो । आफ्नो मौलिक पहिरन, बाजागाजा, नृत्य र भाषाको संरक्षण गर्ने यो एउटा महत्वपूर्ण दिन हो ।

**अभ्यास**

**१. तलका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) म्हः पूजा कुन समुदायमा प्रचलित संस्कार हो ?

(ख) म्हः पूजा गर्दा कुन कुन सामान प्रयोग गरिन्छ ?

(ग) पञ्चतत्व भन्नाले कुन कुन तत्वलाई बुझाउँछ ?

(घ) म्हः पूजा कहिले मनाइन्छ ?

**२. म्हः पूजा कसरी मनाइन्छ ? छोटकरीमा चर्चा गनुहोस् ।**

**३. तलका खाली ठाउँमा उपयुक्त शब्द राखेर वाक्य पूरा गर्नुहोस् :**

(क) ..................पूजा नेवारी समुदायमा प्रचलित संस्कार हो ।

(ख) म्हः पूजामा ..................तत्वको पूजा गरिन्छ ।

(ग) आकाश भन्नाले हाम्रो शरीरमा निहित ..................हो ।

(घ) जल भन्नाले हाम्रो शरीरमा बग्ने ..................हो ।

(ङ) चन्द्र पात्रो ..................को पालामा प्रचलनमा आएको हो ।

**४. तपाईंको कक्षालाई चार वा पाँचओटा समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहले एक एकओटा पारिवारिक संस्कारको बारेमा छोटो लेख तयार पारेर कक्षामा प्रस्तुत गर्नुहोस् ।**

पाठ २

## असल सामाजिक व्यवहार



ठुलो भएपछि के बन्ने ? यसको उत्तरमा धेरैले भन्छन्, “म ठुलो मान्छे बन्छु ।” “ठुलो धनी, प्रभावशाली, शक्तिशाली कस्तो ठुलो ?”कोही मान्छे धनाढ्य हुन सक्छन्, कोही प्रख्यात । कोही शक्तिशाली हुन सक्छन्, कोही प्रभावशाली । यीमध्ये मान्छेले मान्छेजस्तै बन्नु सबैभन्दा पहिलो आवश्यकता हो । मान्छेले आफ्नो मानवीय मूल्य बचाउनुपर्छ । मानवीय भावना जगाउनुपर्छ । मान्छे डाक्टर, नेता, कलाकार जे पनि बन्न सक्छन् । त्यसभन्दा पहिले मानवीय गुणले युक्त मान्छे बन्नुपर्छ । सकारात्मक र सहृदयी हुनु यसका लागि पहिलो सर्त हो । सकारात्मक सोचाइको फाइदा अरूलाई भन्दा धेरै आफूलाई हुन्छ । संसारमा लगभग सबै जना राम्रो व्यक्तिको साथ बस्न मन पराउँछन् । राम्रो मान्छे वरपर बस्दा उनीहरूसँगको सौहार्द्रता बढ्छ ।  राम्रो मान्छेलाई सबैले मन पराउँछन् ।

मानिस असल, प्रभावशाली र सहयोगी हुन्छन् । उनीहरूका विचार, कार्य र शब्दले त्यस्तो व्यवहार देखाउँछ । महत्वपूर्ण हुनु राम्रो हो तर असल हुनु महत्वपूर्ण हो ।

### १. असल व्यक्तिका लक्षण

राम्रो हुनुको अर्थ के हो ? तपाईँ कसरी  राम्रो  वा नराम्रो व्यक्ति चिन्नुहुन्छ ? राम्रा मानिसका केही लक्षण निम्नलिखित छन् :

(क) अरूको भलाइ गर्ने सोच

(ख) सहानुभूति

(ग) निष्पक्ष व्यवहार

(घ) उदार मन

(ङ)  सहयोगी

(च) इमानदारी

(छ) दयालुपन

(ज) विनम्रता

(झ) जिम्मेवारीपन

(ञ) सचेतता

(ट) हिंसा नगर्ने बानी



### २. राम्रो व्यक्ति हुनुको लाभ

अर्काको भलाइ सोच्ने व्यवहार  सामाजिक व्यवहार हो । आफ्ना कुरा अर्कालाई सुनाउनु, सहयोग गर्नु र उनीहरूलाई आराम गर्न दिनु सामाजिक काम हुन् । तनावबाट राहत पाउनका लागि राम्रो मानिसलाई सजिलो हुन्छ । अध्ययनले राम्रो सोचाइ भएको व्यक्तिले खराब समयलाई पनि सहज बनाउन सक्छ । यसरी आफ्नै नगरपालिकामा बसेर पनि राम्रो काम गर्न सकिन्छ ।

यस सूर्यविनायक नगरपालिकामा पनि विभिन्न अवसरहरू रहेका छन् । तरकारी खेती, पशुपालन, उद्योग तथा होटल सञ्चालन लगायतका कुराहरू यस क्षेत्रका लागि सम्भावना बोकेका पक्ष हुन् । यहाँको जनशक्तिलाई यहीँ प्रयोग गर्न नगरपालिकाले पनि भूमिका खेल्दै अवसर निर्माण गरिदिनुपर्छ ।

**अभ्यास**

**१.तलका प्रश्नका उत्तर लेख्नुहोस् :**

(क) मानिस किन असल हुनुपर्छ ?

(ख) हामी ठुलो बन्नु राम्रो हो कि असल बन्नु राम्रो हो ?

(ग) असल मानिसलाई किन सबैले मन पराउँछन् ?

(घ) असल व्यवहारअन्तर्गत कुन कुन कुरा पर्छन् ?

(ङ) एउटा मानिस असल भयो भने समाज र देशलाई के फाइदा हुन्छ ?

**२. तलका बेठिक वाक्यलाई ठिक बनाएर लेख्नुहोस् :**

(क) हामीले असल बन्नभन्दा पनि ठुलो मान्छे बन्न जोड दिनुपर्छ ।

(ख) दया, माया, करुणाजस्ता गुण मानिसमा हुनुहुँदैन ।

(ग) अध्ययनले मानिसलाई खराब गुण सिकाउँछ ।


(घ) मानवता, सहिष्णु, सहानुभूतिजस्ता गुण अमानवीय गुण हुन् ।

**३. मानव गुणले युक्त असल मान्छे बन्न प्रेरणा दिँदै आफ्नी बहिनी वा भाइलाई एक चिठी लेख्नुहो**स् ।

**४. आफूले देखेका र सुनेका असल मान्छेको नाम लेखेर आफ्नो गुरु वा गुरुआमालाई देखाउनुहोस् । उनीहरू कसरी असल भए ? कक्षामा साथीसँग समूहमा छलफल गरी बुँदागत रूपमा लेख्नुहोस् ।**

पाठ ३

## चक्रपाणि चालिसे



चक्रपाणि चालिसेको जन्म भक्तपुर जिल्लाको कटुन्जे गाउँ (हालको सूर्यविनायक नगरपालिकाको वडा नम्बर ६) मा भएको थियो । उनको जन्म डिट्ठा प्रेमलालकी साहिँली धर्मपत्नी चन्द्रमायाको गर्भबाट वि. सं. १९४० सालको कात्तिक शुक्ल त्रयोदशीका दिन भएको थियो । उनले आमाको काखको न्यानो माया थोरै समय मात्र पाए । तीन वर्षका काखे र दुधे बालकलाई छोडेर चन्द्रमायाको निधन भयो । आमाको मृत्युपछि उनको स्याहार सुसार मावलीमा भएको थियो ।

बाबु प्रेमलालको गृहस्थी पनि बडो दुःखमय भएर बित्यो । चक्रपाणिको बाल्यकाल दुःखपूर्ण नै भएर बित्यो । संसारको नियम पनि विचित्रको छ । जसलाई जस्तो परे पनि ऊ आफैँले त्यो कुरा भोग्नुपर्दो रहेछ ।

बाह्र वर्षका चक्रपाणि तीनधारा पाठशाला (आजको संस्कृत छात्रावास) मा भर्ती हुन पुगे । उनी रानीपोखरी संस्कृत पाठशालामा व्याकरण, साहित्य र वेदान्तको अध्ययन गर्न थाले । यसै समयमा उनको गायत्री देवीसँग विवाह भयो । पछि व्याकरण मध्यमा परीक्षा दिने सिलसिलामा उनी काशी पुगे ।

चक्रपाणि केटाकेटीदेखि नै तीक्ष्ण बुद्धि र कवितात्मक भावना भएका थिए । काशीमा बस्ता भानुभक्तको रामायणबाट प्रेरित उनीभित्रको कवित्व शक्ति प्रस्फुटित हुन थाल्यो । काशीबाट निस्कने ‘सूक्तिसुधा’ पत्रिकामा यिनको पहिलो कविता छापियो । पछि उनले भाफ्नो जीवन नेपाली भाषा र साहित्यको वृद्धिमा बिताउने निश्चय गरे ।

आफ्नो बाल्यकाल र यौवनकाल अभाव, पीडा, दुःख, चिन्ता र गरिबीले बित्यो । चक्रपाणिले नेपाली वाणीमा प्राण भर्ने काम भने कदापि छोडेनन् । उनका सुख दुःखका साथी नै नेपाली भाषा र साहित्य भए । त्यसैले उनका कृतिहरूमा नेपाली मुटुको मर्म, दुःखीहरूको व्यथा र संवेदना पाइन्छ । आफू जतिसुकै कलमवीर भए तापनि चक्रपाणिले आफ्नो प्रतिभालाई सन्तोषजनक वातावरणमा हुर्काउन पाएनन् । बिहान बेलुकीको हातमुख जोर्ने समस्या समाधान गर्नका लागि उनी काठमाडौँको केलटोलमा डेरा गरी गृहअध्ययन (ट्युसन) गर्न थाले । यिनका साहित्यिक चेला पनि थुप्रै थिए । यीमध्ये कवि सिद्धिदास अमात्यको नेवारी साहित्यमा ठुलो प्रसिद्धि रहेको छ ।

वि. सं. १९७० मा चक्रपाणि चालिसे गोरखा भाषा प्रकाशिनी समिति (पछि नेपाली भाषा प्रकाशिनी समिति) मा लेखक पण्डितका रूपमा जागिरे भए । यहीँ बस्ता उनले प्रशस्त पुस्तक लेखे । यी पुस्तक प्रकाशन हुँदा कतिमा उनको नाम रह्यो त कतिमा रहेन पनि । उनले गोर्खा शिक्षा, धर्म शिक्षा, बगली कोष, पर्यायवाची लेखेर नेपाली साहित्यमा गुन लगाए ।

चक्रपाणिका छोरा लक्ष्मीनन्दन चालिसे त्रिचन्द्र कलेजमा पढ्थे । बी. ए. परीक्षाको उत्तर पुस्तिकामा नपुंसक राणा लेखेबापत् उनलाई जेल हालियो । आफ्नो एक मात्र छोरा यसरी जेल पर्दा चक्रपाणिलाई पर्नसम्म पिर पर्‍यो । उनले छोराको मुक्तिका लागि आफू जेल बसिदिने कबुल गरे । अनेक बिन्तीभाउ गरे तर केही लागेन । आखिर क्षयरोगले सिकिस्त पारेपछि कारागारबाट मुक्त गरिएका लक्ष्मीनन्दनको २००२ सालमा निधन भयो । चक्रपाणिमाथि पुत्रशोकको झन् ठुलो बज्र प्रहार भयो । उनी नेपाली भाषा प्रकाशिनी समितिबाट गोरखापत्र कार्यालयमा सरुवा भए । चक्रपाणिका दुःखका दिन अझै सकिएका थिएनन् । छोराको मृत्यु भएको वर्ष दिनपछि उनकी जीवन सँगिनीलाई पनि दैवले चुडेर लग्यो । उनलाई पिरमाथि पिर थपिन छोडेनन् । यसरी विरहवेदना र चिन्ताले व्याकुल बन्दा पनि उनले भाषा र साहित्यको सेवा गर्न छोडेनन् ।

चक्रपाणि विद्वान् थिए । उनको विद्वत्ताबाट धेरै व्यक्तिले लाभ उठाए । कसैकसैले त उनलाई लेख्न लगाएर आफ्नो नाउँबाट पुस्तक पनि निकालेका थिए रे । केही लेखकका कृतिलाई परिष्कृत गर्ने क्रममा उनले पुरै लेखिदिनु पनि पर्थ्यो । आफू ज्यादै मिलनसार, विनयी, विद्वान् भएकाले उनी कसैलाई पनि अवहेलना गर्दैनथे । सबैलाई मित्रवत् व्यवहार गर्ने हुँदा उनलाई कामको भिड भई नै रहन्थ्यो । जतिसुकै कार्य गर्नुपर्दा पनि धैर्यपूर्वक त्यसलाई सम्पन्न गर्ने बानी उनमा थियो । उनले जीवनमा दैवी मार र सामाजिक मार सहनुपर्‍यो । २०१५ सालको राम नवमीको दिन चक्रपाणिले इहलीला समाप्त गरे । उनले नेपालीलाई प्रशस्त कविता, स्तोत्र र अनेक पुस्तक दिएर गए । उनी सबैका लागि अमर बने । शरीर मरेर जाँदा पनि उनी मरेनन्, बाँचिरहे । (**साभार महेन्द्रमाला**)

**अभ्यास**

**१.तलका प्रश्नका उत्तर लेख्नुहोस् :**

(क) चक्रपाणि चालिसेको जन्म कहाँ र कहिले भएको थियो ?

(ख) चक्रपाणिको पहिलो कविता कुन पत्रिकामा छापिएको थियो ?

(ग) चक्रपाणिका छोरालाई किन जेल हालियो ?

(घ) चक्रपाणि चालिसेका कुन कुन लेख रचना प्रकाशन भएका छन् ?

(ङ) चक्रपाणिको मृत्यु कहिले भयो ?

**२. तलका बेठिक वाक्यलाई ठिक बनाएर लेख्नुहोस् :**

(क) चक्रपाणि चालिसेको बाल्यकाल सुखै सुखमा बित्यो ।

(ख) १९६० मा चक्रपाणि चालिसे गोरखा भाषा प्रकाशिनी समितिमा जागिरे भए ।

(ग) क्यान्सर रोगले सिकिस्त भएर चक्रपाणिका छोराको निधन भयो ।

(घ) चक्रपाणिले नेपाली साहित्यको क्षेत्रमा केही पनि योगदान दिएका छैनन् ।

(ङ) चक्रपाणिका कृतिमा मानव संवेदना, पीडा र दुःखीको व्यथा पाइँदैन ।

**३. तपाईंले चक्रपाणिको जीवनी पढेर के कुरा सिक्नुभयो ? एक अनुच्छेदमा लेख्नुहोस् ।**


**परियोजना कार्य**

**आफ्नो वरपर रहनुभएका कोही समाजसेवी या चिन्तकको जीवन पढ्नुहोस् र त्यो जीवनीलाई छोटकरीमा लेखेर कक्षामा सुनाउनुहोस् ।**

# एकाइ तीन : हाम्रो सम्पदा

पूर्वज्ञान







(क) मान्छेले किन धर्म मान्छन् होला ?

(ख) धर्म मान्ने प्रचलन किन सुरु भयो होला ?

**पाठ १**

## अनन्तलिङ्गेश्वर

भक्तपुर जिल्लामा प्रमुख धार्मिक तीर्थस्थल रहेका छन् । सूर्यविनायक नगरपालिका वडा नं. ४ मा रहेको अनन्तलिङ्गेश्वर मन्दिर पनि एक प्रमुख तीर्थस्थल हो । लिच्छिविकालमा अनन्तलिङ्गेश्वर क्षेत्रलाई हंशगृह भनिन्थ्यो । त्यसका मुख्य देवता लोकपाल स्वामी नै 'अनन्तलिङ्गेश्वर' भएको कुरा इतिहासविद्ले बताएका छन् । यहाँ भेटिएको शिलालेखअनुसार राजा नरेन्द्रदेवले सातौं शताब्दीमा यस मन्दिरको जीर्णोद्धार गराएका थिए ।



अनन्तलिङ्गेश्वरबारे किंवदन्ती छ । यहाँको जङ्गलमा ऋषिमुनि तपस्या गर्थे । उनीहरू पानी खोज्दै डाँडाको काखमा पुगे । कुवा खन्दा शिवलिङ्ग फेला पऱ्यो । ३० फिट गहिराइमा पुग्दा समेत लिङ्गको फेद भेटिएन । बरु रगत आयो । त्यही बेलादेखि यिनलाई 'अनन्तलिङ्गेश्वर' भनेर पुज्न थालिएको कथन छ । ऋषिहरूले नजिकै फेरि कुवा खने । त्यो कुवाको पानी मिठो छ । खाँदा रोग निको हुन्छ भन्ने विश्वास छ । राणा प्रधानमन्त्री चन्द्रशमशेरले यहाँको पानी झिकाएर खान्थे भनेर बुढापाका बताउँछन् । अनन्तलिङ्गेश्वरमा सतीदेवीको मिर्गौला पतन भएको मानिन्छ ।

१९९० सालको भूकम्पअघि अनन्तलिङ्गेश्वर मन्दिर नेपाली परम्परागत छत्रे शैलीको थियो । भूकम्पको क्षतिपछि गुम्बज शैलीमा बनाइयो । सुरुमा जस्तापाताको पाली राखिएको थियो, पछि झिङ्गटी राखियो । २०७२ सालको भूकम्पले मन्दिरमा फेरि क्षति पुऱ्यायो । नेपाल महात्म्यमा उल्लिखित चतुषष्ठी ज्योतिर्लिङ्गमध्ये यो स्वयम्भू लिङ्ग हो ।



भूकम्पको चार वर्षपछि पुरातत्व विभागले रु.१ करोड ६३ लाख २९ हजारको लागतमा परम्परागत छत्रे शैलीमै मन्दिर पुनर्निर्माण गरेको छ। तामाको छाना हालिएको मन्दिरको २०७८ भदौ २३ मा उद्घाटन भइसकेको छ। मूल मन्दिर अगाडि गणेशको सानो मन्दिर बनाइएको छ भने पाटीलाई पनि जीर्णोद्धार गरिएको छ। यो मन्दिरको ऐतिहासिक पृष्ठभूमिको चर्चा पशुपति महिमा वा नेपाल महात्म्यमा पनि उल्लेख गरिएको छ । जसअनुसार पशुपतिनाथको दर्शन गरेपछि नेपालका ६४ शिवलिङ्गगको दर्शन गर्नुपर्ने मान्यता रहेको छ यीमध्ये अनन्तलिङ्गेश्वर ४१ औँ स्थानमा पर्छ । अनन्तलिङ्गेश्वर महादेव मन्दिर परिसरमा अन्य साना शिव मन्दिर, उमा महेश्वरको मन्दिर, भैरवको देवल, योगेश्वरको देवल रहेका छन् ।

**अभ्यास**

**१.तलका प्रश्नका उत्तर लेख्नुहोस् :**

(क) अनन्तलिङ्गेश्वरको मन्दिर कहाँ छ ?

(ख) सातौँ शताब्दीमा यो मन्दिरको कसले जीर्णोद्धार गराएका थिए ?

(ग) पानीको खोजीमा जमिन खन्दा के फेला पऱ्यो ?

(घ) १९९० सालको भूकम्पभन्दा पहिले अनन्तलिङ्गेश्वरको मन्दिर कुन शैलीमा बनेको थियो ?

(ङ) नेपाल महात्म्यमा के कुरा उल्लेख गरिएको छ ?

**२. तलका बेठिक वाक्यलाई ठिक बनाएर लेख्नुहोस् :**

(क) अनन्तलिङ्गेश्वरको मन्दिर सूर्यविनायक नगरपालिका वडा नं १ मा पर्छ ।

(ख) पुरातत्व विभागले यो मन्दिर नयाँ शैलीमा बनाएको छ ।

(ग) अनन्तलिङ्गेश्वरको मन्दिरको अगाडि शिवजीको सानो मन्दिर छ ।

(घ) नेपालका ६४ शिवलिङ्गमध्ये अनन्तलिङ्गेश्वर ५६ औँ स्थानमा पर्छ ।

(ङ) नेपाल महात्म्यमा उल्लिखित चतुषष्ठी ज्योतिर्लिङ्गमध्ये अनन्तलिङ्गेश्वर स्वयम्भू लिङ्ग होइन ।

**३.तपाईँ बसोबास गरेको वडामा भएको कुनै एक मन्दिरको बारेमा एक अनुच्छेदमा लेख्नुहोस् ।**

**४. तपाईँ भगवान्मा विश्वास गर्नुहुन्छ ? गर्नुहुन्छ भने किन गर्नुहुन्छ र गर्नुहुन्न भने किन गर्नुहुन्न ? आफ्नो विचार व्यक्त गर्नुहोस् ।**

**पाठ २**

## वडाध्यक्षलाई निवेदन

मिति : २०८० असार १८ गते

श्री वडाध्यक्ष,
वडा नं. ७, सूर्यविनायक,
भक्तपुर

विषय : सहभागी भइदिनुहुन

महोदय,
उपर्युक्त विषयमा यस नगरपालिकामा प्राकृतिक विनाश बढेको छ । हिजोमात्रै गुण्डूको जङ्गलमा पहिरो गएको छ । यसरी प्राकृतिक विनाश हुनु हाम्रो लागि पक्कै हितकर छैन । मानिसले जतासुकै वन फँडानी गरेका छन् । अव्यवस्थित प्लटिङ भइरहेको छ । यसले गर्दा पानीका मुहान सुक्ने समस्या बढ्दै गएको छ । जङ्गली जनावरको वासस्थान मेटिँदै गएको छ । मानिसले कालिज मार्नका लागि पासो थाप्ने र कालिजको सिकार गर्ने काम पनि गरिरहेका छन् । यो काम पक्कै पनि राम्रो होइन । मानिसको एकछिनको स्वार्थ र क्षणभरको रमाइलाका लागि प्रकृतिमा हुने जीवजनावर मास्नुहुँदैन । हामीले गाउँगाउँमा चेतना फैलाउन सक्नुपर्छ । यसले यहाँ निर्माण हुँदै गरेको राष्ट्रिय प्राणी उद्यानको महत्व बढाउन सक्छ । यहाँका ऐतिहासिक स्थान रानीकोट, बोकाचो गढीजस्ता ठाउँको सम्भार हुन नसक्दा सङ्कटमा पुगेका छन् । यहाँका मानिसलाई प्राकृतिक तथा ऐतिहासिक स्थानको महत्व बुझाउनु आवश्यक छ । यसलाई बुझाउन हामीले प्राकृतिक तथा ऐतिहासिक सम्पदा र त्यसको संरक्षण शीर्षकमा जनचेतनामूलक गोष्ठीको आयोजना गरेका छौँ । यसमा हजुरको सहभागिताको आशा गरेका छौँ ।
धन्यवाद ।

निवेदक
टोल सुधार समिति

**अभ्यास**

**१. तलका प्रश्नका उत्तर लेख्नुहोस् :**

(क) यो निवेदन केका लागि लेखिएको हो ?

(ख) के कारणले पानीका मुहान सुक्दै गएका हुन् ?

(ग) के काम राम्रो होइन ?

(घ) हामीले किन जङ्गली जनावरको सिकार गर्नु हुँदैन ?

**२. आफ्नो वडामा रहेका प्राकृतिक स्थलको संरक्षण गर्ने उपाय बताउँदै आफ्नो वडाध्यक्षलाई चिठी लेख्नुहोस् ।**

**३. प्रकृतिको संरक्षण गर्न के कस्ता उपाय अपनाउन सकिन्छ ? समूहमा छलफल गरी लेख्नुहोस् ।**

**परियोजना कार्य**

**विद्यालय नजिकको धार्मिक तथा ऐतिहासिक स्थानको भ्रमण गर्नुहोस् र त्यसको संरक्षणमा के कस्ता प्रयास भएका छन्, लेख्नुहोस् ।**

# एकाइ चार : कृषि

## पूर्वज्ञान




(क) गाईपालन फार्म हेर्नुहोस् ।

(ख) यी जनावर केका लागि पालिएका होलान् ?

**पाठ १**

# करेसाबारीको निर्माण प्रक्रिया

**१. करेसाबारी स्थलको छनोट** : करेसाबारी प्रशस्त र लामो समयसम्म घाम लाग्ने हुनुपर्छ । सुक्खा मौसममा सिँचाइ तथा वर्षामा सजिलै निकाशको व्यवस्था गर्न सकिने हुनुपर्छ । प्रशस्त प्राङ्गारिक पदार्थ भएको करिब एक मिटर गहिराइसम्म माटो नै रहेको हुनुपर्छ । घरको नजिकैको जग्गा करेसाबारीका लागि उपयुक्त हुन्छ ।



**२. करेसाबारी स्थलको घेराबार :** तरकारी तथा मसला बालीलाई घरपालुवा पशुपन्छीबाट बचाउन घेराबार लगाउनुपर्छ । सिमली, सिउँडी, बाँस र अन्य बिरुवा घेराबारका रूपमा प्रयोग गर्न सकिन्छ । बाँस र निगालोका भाटालाई उपयुक्त उचाइ एवम् हारमा मिलाएर पनि आकर्षक घेरबार बनाउन सकिन्छ ।

**३. करेसाबारीमा बोटबिरुवा व्यवस्थापन :** करेसाबारी निर्माण गर्दा बोटबिरुवाको व्यवस्थापन गर्ने काम अत्यन्त संवेदनशील मानिन्छ । कृषि वस्तु उत्पादनका लागि प्रकाश, ताप, चिस्यान, स्थान र मलखादको व्यवस्था गर्नुपर्छ । बोटबिरुवाको हुर्किने र फैलने स्वभावअनुसार तरकारी बालीको राम्रो व्यवस्थापन गर्नुपर्छ । नत्र करेसाबारीबाट फाइदा लिन सकिँदैन ।

करेसाबारीमा बोटबिरुवा लगाउनुअगाडि तलका कुरामा ध्यान दिनुपर्छ :

**(क) जमिनको तयारी :** परिवारको आकारअनुसार जमिनको क्षेत्रफल नापेर जमिनको राम्रोसँग खनजोत गर्नुपर्छ । डल्ला फुटाई, ढुङ्गा तथा झारपात केलाएर माटो बुर्बुराउँदो बनाउनुपर्छ । बिउ तथा बिरुवा रोप्नका लागि जग्गालाई ससाना प्लट वा ड्याङमा विभाजन गर्नु राम्रो हुन्छ । ड्याङ बनाउदा लम्बाइ उत्तर दक्षिण मोहडामा पर्ने गरी बनाउनुपर्छ । ड्याङको चौडाइ एक मिटरभन्दा धेरै बनाउनु हुँदैन । करेसाबारीमा ड्याङ निर्माण गर्दा प्रत्येक दुई ड्याङको बिचमा डेढ बित्ताको बाटो राख्नुपर्छ । ड्याङ तयार भएपछि राम्रोसँग कुहिएको कम्पोस्ट वा गोठेमललाई ड्याङमा राखी माटामा राम्ररी मिलाउनुपर्छ । करेसाबारीमा माटोजनित रोग तथा किराको प्रकोप धेरै छ भने तयारी ड्याङलाई हलुका सिँचाइ गर्नुपर्छ । यसपछि एक हप्तासम्म सेतो र सफा प्लास्टिकले हावा नछिर्ने गरी छोप्नुपर्छ । घामबाट माटाको उपचार हुन्छ । उपचार गरिसकेका ड्याङमा छोपिएका प्लास्टिक हटाएर मौसमअनुसारका बिउ तथा बिरुवा रोप्न सकिन्छ ।

**(ख) बिरुवा छनोट र रोप्ने तरिका** : तरकारी तथा मसलाबाली छान्दा परिवारका सदस्यले मन पराउने, स्थानीय हावापानीमा फस्टाउन सक्ने, पोसिला र राम्रो उत्पादन दिने मौसमी जातको छनोट गर्नुपर्छ । नर्सरी तयार गर्दा पारिलो घाम लाग्ने, मलिलो माटो भएको र सजिलै हेरविचार गर्न मिल्ने ठाउँ छान्नुपर्छ । करेसाबारी घरबाट नजिकै बनाउनुपर्छ । बोटबिरुवा रोप्दा पनि उनीहरूको हुर्किने र फैलने



प्रकृतिबमोजिम रोप्नुपर्छ । घाम मन पराउने र छोटो समयमा नै तयार हुने बिरुवालाई करेसाबारीको पूर्वी भागमा रोप्नुपर्छ । छाया मन पराउने, अग्लो तथा ठुलो आकार हुने र बहुवर्षसम्म उत्पादन दिने बिरुवालाई करेसाबारीको पश्चिम-उत्तरतिर रोप्नुपर्छ । लहरा जाने तरकारीलाई करेसाबारीको घेराबार लगाइएको क्षेत्र वा पर्खाल नजिकमा रोप्नु राम्रो हुन्छ । लहरे बालीलाई कम्पोस्ट तथा गोठे मल निर्माण गर्ने स्थान वरिपरि लगाउनुपर्छ । मलखादको थुप्रालाई ढाक्ने गरी टाँड बनाई सो टाँडमा लहरा पठाउन पनि सकिन्छ । यसो गर्दा करेसाबारीको ठाडो तह व्यवस्थापन गर्न सकिनुका साथै टाँडमा झुन्डिएर फलेका फलको गुणस्तर वृद्धि हुन्छ । कडा घामबाट मलखादलाई जोगाएर गुणस्तरीय मल बनाउन पनि सहयोग पुग्छ । पुदिनाजस्ता सदावहार हरिया र नयाँ पात पलाइरहने बालीलाई खेर जाने पानीको नजिकै रोप्नुपर्छ । यसो गर्दा हरिया सागपातको नियमित उत्पादन लिन सकिन्छ ।

सूर्यविनायक नगरपालिकामा पछिल्लो समय बढ्दो सहरीकरण र प्लटिङका कारण खेतीयोग्य जमिन मासिँदै गएको छ । यसले गर्दा मानिसहरूले पछिल्लो समय करेसाबारीलाई महत्व दिन थालेको देखिन्छ । जसका कारण घरमै तरकारी तथा केही फलफूल उत्पादन गरी दैनिक रूपमा प्रयोग गर्न सकिने देखिन्छ ।

**अभ्यास**

**१.तलका प्रश्नका उत्तर लेख्नुहोस् :**

(क) करेसाबारी भनेको के हो ?

(ख) करेसाबारीमा के के उत्पादन गर्न सकिन्छ ?

(ग) करेसाबारीलाई किन घेराबार गर्नुपर्छ ?

(घ) ड्याङ निर्माण गर्दा दुई ड्याङबिचमा कति ठाउँ छोड्नुपर्छ ?

(ङ) करेसाबारीका लागि बिरुवा छान्दा कस्तो बिरुवा छान्नुपर्छ ?

२. तलका बेठिक वाक्यलाई ठिक बनाएर लेख्नुहोस् :

(क) जस्तोसुकै ठाउँ पनि करेसाबारीका लागि उपयुक्त हुन्छ ।

(ख) करेसाबारीलाई घेराबार गर्न जरुरी छैन ।

(ग) बिउ तथा बिरुवा रोप्नका लागि जग्गालाई ससाना प्लट वा ड्याङमा विभाजन गर्नु राम्रो हुँदैन ।

(घ) नर्सरी तयार गर्दा पारिलो घाम नलाग्ने, मलिलो माटो नभएको र सजिलै हेरविचार गर्न मिल्ने गरी घरबाट टाढा बनाउनुपर्छ ।

(ङ) परिवारले मन नपराउने र स्थानीय हावापानीमा फस्टाउन नसक्ने बिरुवा छान्नुपर्छ ।

**३.तपाईं बसोबास गरेको घरमा वा छिमेकमा करेसाबारी घुम्नुहोस् र के के फलेको छ, कापीमा लेख्नुहोस् ।**

**४. आफ्नै घरमा करेसाबारी हुँदा के के फाइदा हुन सक्छन् ? लेखेर कक्षामा साथीहरूलाई सुनाउनुहोस् ।**

पाठ ३

# स्थानीय परिकार

## १.चाकु

चाकु शब्द नेपालभाषा अर्थात् नेवारी भाषाको शब्द हो । चाकु उखुको रस वा सक्खर पकाएर राम्ररी छानी चाका चाका पारी जमाइएको गुलियो खाद्यपदार्थ हो ।

### (क) चाकु बनाउने तरिका



पानीमा सक्खर राखेर आगामा लामो समयसम्म पकाउनुपर्छ । उक्त पानी र सक्खर पाकेसँगै ठुलो खुला भाँडामा राख्नुपर्छ । तातो सेलाएसँगै त्यसलाई रङ परिवर्तन नहुँदासम्म फिट्नुपर्छ । त्यसपछि आफूलाई चाहिने मात्रामा किसकिस, काजु, नरिवल मिसाएर केही समय खुला छोड्नुपर्छ । घरेलु तरिकाले आफूले चाहेअनुसारको आकारमा चाकु तयार गर्न सकिन्छ ।

### (ख) चाकुका फाइदा

गुलियो खाद्यवस्तुले शरीरलाई शक्ति प्रदान गर्ने गर्छ । जाडो मौसममा थकित शरीरलाई सन्तुलन गर्ने काम गुलियो खाद्यान्नभित्र पाइन्छ । यही मान्यताका साथ चाकु, घिउ, तरुल, तिल, सखरखण्डजस्ता खाद्यपदार्थलाई प्रसादको स्वरूप दिने गरिएको छ । सक्खर र पानीबाट बन्ने चाकुमा कार्बोहाइड्रेड प्रशस्त मात्रामा हुन्छ । चाकुमा हुने कालो पदार्थमा अधिक मात्रामा आइरन पाइन्छ । कमजोर शरीर तथा रक्तअल्पता भएका बिरामीका लागि यसले धेरै फाइदा गर्छ ।

## २. क्वाँटी



क्वाँटी भन्नाले टुसा उम्रेका गेडागुडी भन्ने बुझिन्छ । जनै पूर्णिमा अर्थात् रक्षा बन्धनका दिन नेपाली समाजमा क्वाँटी खाने प्रचलन छ । क्वाँटी जनै पूर्णिमाको विशेषता हो । क्वाँटी शब्द नेपाल भाषाको 'क्वाती' शब्दबाट बनेको हो ।

नेपाल भाषामा 'क्वा' को अर्थ तातो र 'ती' को अर्थ झोल वा सुप भन्ने हुन्छ । क्वाँटी गेडागुडीको मिश्रण हो । क्वाँटी बनाउनुअगाडि गेडागुडीलाई टुसा उम्रिने गरी भिजाउनुपर्छ । क्वाँटीमा मास, भटमास, चना, मुगी, मस्याङ, ठुलो केराउ, ठुलो सिमी र सानो केराउ समावेश गरिन्छ । क्वाँटीमा शक्ति र स्वाद दुवै हुन्छ । क्वाँटीमा प्रशस्त मात्रामा प्रोटिन पाइन्छ । प्रोटिन मानव शरीरका लागि अति आवश्यक तत्व हो । यसले शरीरका कोशिकाको निर्माण र मर्मतमा महत्वपूर्ण भूमिका निर्वाह गर्छ ।

खास गरी नेवार समुदायमा क्वाँटी खाने प्रचलन बढी छ । वर्षायाममा खेतीपातीको कामले थकित शरीरमा ऊर्जा ल्याउन र चिसो भगाउन क्वाँटी खाने गरिएको हो ।

**अभ्यास**

**१. तलका प्रश्नका उत्तर लेख्नुहोस् :**

(क) चाकु भनेको के हो ?

(ख) चाकु कसरी तयार गरिन्छ ?

(ग) क्वाँटी र चाकु कुन भाषाका शब्द हुन् ?

(घ) चाकुले कस्ता बिरामीलाई फाइदा पुऱ्याउँछ ?

(ङ) क्वाँटी कहिले बनाइन्छ ?

**२. क्वाँटी बनाउने प्रक्रिया उल्लेख गर्नुहोस् ।**

**३. क्वाँटीले के कस्ता फाइदा गर्छ ? समूहमा छलफल गरी लेख्नुहोस् ।**

पाठ ४

## फलफूल खेती



फलफूल खेतीको उत्कृष्ट नगदेबाली हो । फललाई बोटमा पाकिसकेपछि टिप्नुपर्छ । पाकेपछि फल भेट्नोसहित हाँगाबाट छुट्टिन्छ र फलको बोक्रा पनि कडा नै रहन्छ । सामान्यतया फलफूलका बोट अग्ला र फैलिएका हुन्छन् । यस्ता बोटबाट फल टिप्न भऱ्याङ प्रयोग गर्नुपर्छ । ढुङ्गाले हानेर वा लट्ठीले झटारो हानेर टिप्दा फलमा चोटपटक लाग्छ । स्थानीय स्तरमा भऱ्याङ निर्माण गर्न बाँस वा फल टिप्ने भऱ्याङ प्रयोग गर्न सकिन्छ । फल टिप्न अङ्कुश भएको लाठो वा फल टिप्ने झोला वा फल टिप्ने कैँची प्रयोग गर्न सकिन्छ । फल टिपेपछि राख्ने टोकरी र डालो पनि चाहिन्छ । अग्ला फलफूलका बोटबाट थोरै मात्रामा फल टिप्नका लागि लाठो वा पोल (Harvesting pole) को पनि प्रयोग गर्न सकिन्छ । यस्ता पोल निर्माण गर्दा फल झर्ने ठाउँमा जाली राख्नुपर्छ । फल टिप्नका लागि एक छेउमा धारिलो काट्ने भाग राख्नुपर्छ । यस किसिमको पोल बनाउँदा फलाम वा सुरिलो बाँस वा काठको लाठो प्रयोग गर्नुपर्छ । बोटका हाँगा बलिया र ठुला छन् भने फल टिप्ने झोला भिरी एक एक गरी फल टिपेर झोलामा राख्नुपर्छ । यस किसिमको झोला निर्माण गर्दा बाक्लो कपडाको झोला तयार गर्नुपर्छ । झोलाको एक भाग खुला राख्नुपर्छ भने अर्को मुखलाई सजिलै बन्द गर्न र खोल्न सक्ने गरी चेन वा टाँक राख्न सकिन्छ । फल टिप्न कैँचीको प्रयोग पनि गर्न सकिन्छ । फल टिप्दा सानो भेट्नोसहित टिप्नुपर्छ । यस किसिमको कैँची आरनमा निर्माण गर्न सकिन्छ । फल टिपिसकेपछि थुप्रो बनाएर एकै ठाउँमा राख्दा फल कुहिने समस्या हुन्छ । फल टिपीसकेपछि घाममा पनि राख्नुहुँदैन । फललाई हावा छिर्ने प्लास्टिक क्रेट, टोकरी वा डालामा राख्नुपर्छ ।



ठुलो एवम् बृहत् क्षेत्रमा गरिने खेतीलाई व्यावसायिक फलफूल खेती भनिन्छ । घर वरिपरि सानो क्षेत्रमा गरिने साना परिमाणका खेतीलाई घरायसी फलफूल खेती भनिन्छ । कुन कुन फलफूल बाली कहाँ कहाँ लगाउन सकिन्छ भन्ने जानकारी नभई यसको योजना निर्माण गर्न सकिँदैन । यहाँ फलफूल लगाउने केही तरिका दिइएको छ :



**(क) शीतोष्ण प्रदेशीय फलफूल (Temperate fruits):** यस्ता फलका बोट हिउँदमा पात झरी सुसुप्त अवस्थामा रहन्छन् । यस्तो सुसुप्त अवस्था तोडी बोटमा फूल फुल्न र फल लाग्न दुईदेखि चार महिना लाग्छ । यसका लागि ७

डिग्री सेल्सियसभन्दा तलको तापक्रम चाहिन्छ ।स्याउ, नासपाती, आरु, ओखर, खुर्पानीयस्ता फलफूल हुन् ।

(ख) **उपोष्ण प्रदेशीय फलफूल (Sub-tropical fruits)** यस्ता फलका बोटले धेरै चिसो सहन सक्तैनन् । धेरै लामो तुसारो पनि सहन सक्तैन । सुन्तला, जुनार, कागती, निबुवा, भोगटे, अम्बा, अनार आदि यस्ता फलफूल हुन् ।

(ग) **उष्ण प्रदेशीय फलफूल (Tropical fruits)** : यस्ता फललाई न्यानो तथा ओसिलो हावापानीको आवश्यकता पर्छ । यस्ता बोटले चिसो तथा तुसारो पटक्कै सहन सक्तैनन् । आँप, लिच्ची, केरा, काजु यस्ता फलफूल हुन् ।

पछिल्लो समय सूर्यविनायक नगरपालिकामा पनि फलफूलहरू व्यवसायका रूपमा खेती हुन थालेका छन् । यहाँ काँक्रो, गाँजर, आलुबखडा, नास्पती आदि खेतीहरू हुन्छन् ।

**अभ्यास**

**१.तलका प्रश्नका उत्तर लेख्नुहोस् :**

(क) फलफूललाई किन झटारो हानेर झार्नु हुँदैन ?

(ख) फल टिपिसकेपछि कस्तो ठाउँमा राख्नुपर्छ ?

(ग) शीतोष्ण प्रदेशमा फल्ने फलफूलका दुईटा उदाहरण लेख्नुहोस् ।

(घ) उपोष्ण प्रदेशमा फल्ने कुनै दुईटा फलफूलका नाम लेख्नुहोस् ।

(ङ) आँप, लिचीजस्ता फल कस्तो हावापानीमा पाइन्छ ?

**२. तलका बेठिक वाक्यलाई ठिक बनाएर लेख्नुहोस् :**

(क) फललाई कैँचीले बिस्तारै काटेर टिप्यो भने फल कुहिन्छ ।

(ख) स्याउ, नासपाती उष्ण प्रदेशमा फल्ने फलफूल हुन् ।

(ग) आँप, केराले मज्जाले तुसारो सहन सक्छन् ।

(घ) फल टिपिसकेपछि घाममा पनि राख्नुपर्छ ।

(ङ) फललाई बोटमा राम्रोसँग नपाक्दै टिपेर औषधी हालेर पकाउनुपर्छ ।

**३. तपाईंले कुन कुन फल खानुभएको छ ? तिनका नाम लेख्नुहोस् र कस्तो हावापानीमा पाइन्छ, सो पनि उल्लेख गर्नुहोस् ।**

४. तल दिइएका फलफूलका बोट चिनेर तिनका नाम लेख्नुहोस् :



**परियोजना कार्य**

**प्रधानाध्यापकलाई अनुरोध गरेर तपाईंको स्कुलको कम्पाउन्डमा केही फलका बिरुवा रोप्नुहोस् ।**

# एकाइ पाँच : पर्यटन, उद्योग तथा व्यवसाय

## पूर्वज्ञान

(क) यी मानिसलाई कस्ता पर्यटक भनिन्छ ?

(ख) पर्यटकको के महत्व छ ?



पाठ १

# हाम्रा पर्यटकीय स्थल

## १. लाँकुरी भन्ज्याङ



लाँकुरी भन्ज्याङ ललितपुर, भक्तपुर र काभ्रेले छोएको ठाउँ हो । लाँकुरी भन्ज्याङ पुग्न लगनखेलबाट लुभु पनौती जाने गाडी चढ्न सकिन्छ । सूर्यविनायक नगरपालिका १ सिरुटारदेखि सात किलोमिटरमा तथा ग्वार्कोबाट लुभु हुँदै ११ किलोमिटरमा लाँकुरी भन्ज्याङ पुग्न सकिन्छ । उपत्यकाको धेरै नजिक पर्ने यो पिकनिक स्थल धेरै उचाइमा रहेको छ । यहाँबाट उत्तरतिरका हिमशृङ्खला प्रत्यक्ष रूपमा हेर्न सकिन्छ । यहाँबाट ललितपुर, भक्तपुर र काठमाडौं अवलोकन गर्न सकिन्छ । लाँकुरी भन्ज्याङबाट १० किलोमिटर ओरालो झर्नेबित्तिकै पनौती पुग्न सकिन्छ । गर्मीमा शीतल हावा बहने अनि जाडामा हिउँको डल्लासँगै खेल्न पाउनु नै लाँकुरी भन्ज्याङको मुख्यः विशेषता हो । तामाङ जातिको मुख्य बसोबास रहेको यो ठाउँ पर्यटकीय हिसाबले महत्वपूर्ण छ । ग्वार्कोबाट लुभु-लामाटार-लाँकुरी भन्ज्याङ-माने दोभान-पनौती-बनेपा-धुलिखेलसम्मको साइक्लिङ रुट बनाउन सके विदेशी पाहुनालाई आकर्षण गर्न सकिन्छ । फुलचोकी डाँडासँग जोडिएको लाँकुरी भन्ज्याङबाट फुलचोकी पदयात्रा गर्न सकिन्छ । यो भज्याङबाट एक किलोमिटरको दुरीमा रहेको श्रीङ्गी गुफाको पदयात्रा पनि रोमाञ्चक हुन्छ । श्रीङ्गी गुफा परापूर्वकालमा श्रीङ्गी ऋषिको बासस्थान मानिन्छ । लाँकुरी भन्ज्याङजस्तो रमणीय पिकनिक तथा ऐतिहासिक स्थलमा रमाइलो गर्न एकपटक अवश्य पुग्नै पर्ने हुन्छ ।

## २.गणेशमान वाटिका



सूर्यविनायक नगरपालिका-६, कटुन्जेस्थित सुवर्णेश्वर डाँडामा लौहपुरुष गणेशमान सिंहको पूर्ण कदको सालिक छ। एक सय ४८ रोपनी क्षेत्रफलमा फैलिएको डाँडामा गणेशमान वाटिका निर्माण भइरहेको छ । सिंहको जन्मदेखि सरकारी जागिर खाएर छोडेको र उच्च शिक्षा हासिल गर्न भारतको कोलकाता गएको घटना विवरण यहाँ राखिएको छ । उनी राजनीतिक सङ्गठनमा आबद्ध भएको, राणा शासनविरुद्ध सङ्घर्ष गरेको र प्रजातन्त्र प्राप्त भएको विवरण पनि राखिने छ । वाटिकामा राणाशासन अन्त्यसँगै पुनः पञ्चायती शासन आएको, पञ्चायतविरुद्ध सङ्घर्ष गर्दा जेल परेको र जेल फोडेर भागेको घटना सङ्केत हुने छ । उनले प्रजातान्त्रिक आन्दोलनको नेतृत्व गरेको, प्रधानमन्त्री पद अस्वीकार गरेको र काङ्ग्रेस पार्टी त्यागेकोलगायत घटनाक्रमलाई उजागर गर्ने भौतिक संरचना वाटिकाभित्र निर्माण गरिने छ ।

वाटिकाभित्र गणेशमानको पूर्ण कदको प्रतिमा मात्र होइन, सङ्ग्रहालय र पुस्तकालयको निर्माण गरिने छ । वाटिका नेपालको प्रजातान्त्रिक आन्दोलनको अध्ययन-अनुसन्धान केन्द्रसमेत सावित हुने छ ।

**अभ्यास**

**१.तलका प्रश्नका उत्तर लेख्नुहोस् :**

(क) लाँकुरी भन्ज्याङ कहाँ छ ?

(ख) लाँकुरी भन्ज्याङ जान लगनखेलबाट कहाँ जाने गाडी चढ्नुपर्छ ?

(ग) लाँकुरी भन्ज्याङबाट कति कि.मि. यात्रा गरेपछि पनौती पुगिन्छ ?

(घ) लाँकुरी भन्ज्याङ केका लागि प्रसिद्ध छ ?

(ङ) गणेशमान वाटिका कुन ठाउँमा निर्माण गरिएको छ ?

**२. तलका बेठिक वाक्यलाई ठिक बनाएर लेख्नुहोस् :**

(क) गणेशमान सिंह एक महान् कलाकार थिए ।

(ख) गणेशमान वाटिका बालकोटमा निर्माण गरिएको छ ।

(ग) गणेशमान एक बेइमान राजनीतिज्ञ थिए ।

(घ) लाँकुरी भन्ज्याङमा तामाङ जातिको वसोवास रहेको छ ।

(ङ) लाँकुरी भन्ज्याङबाट कुनै पनि हिमाल देख्न सकिँदैन ।

**३. तपाईंले लाँकुरी भन्ज्याङ जस्तै कुन कुन ठाउँ घुम्नुभएको छ ? ती ठाउँको सूची तयार गर्नुहोस् र सबैभन्दा बढी मन परेको ठाउँको बारेमा एक अनुच्छेद लेख्नुहोस् ।**

**पाठ २**

# माटाको भाँडा निर्माण

परापूर्वकालदेखि एउटा पेसा निरन्तर चल्दै आइरहेको छ । त्यो माटाका भाँडाकुँडा बनाउने पेसा हो । माटाका भाँडावर्तन खुसी र दुखको बेलामा पनि काम लाग्छन् । खुसीको बेलामा दीप बाल्न चाहिने दियो माटाकै हुन्छन् । मरेपछि अन्तिम संस्कार गर्न पनि माटाकै भाँडो चाहिन्छ ।



कलश, दियो, भुर्की, मट्का, कुज्जा, पाला आदि पनि माटाकै हुन्छन् । माटाका भाँडाबिना हाम्रो हरेक धार्मिक सामाजिक कार्य अधुरा मानिन्छन् । कसरी बन्छन् होला यी भाँडा ?

भाँडा बनाउन खानीबाट माटो ल्याएर मुछ्नुपर्ने हुन्छ । अहिले यसका लागि मेसिन आएकाले सहज पनि भएको छ । त्यसपछि गिर्खा केलाएर माटालाई चक्कामाथि राखी डिजाइनअनुसारको भाँडा बनाउन सकिन्छ, । त्यसलाई घाममा सुकाएपछि भट्टीमा पोल्नुपर्ने हुन्छ ।

माटाका भाँडा बनाउनु प्रजापति समुदायको पुर्ख्यौली पेसा हो । पहिला हातले चर्खा घुमाएर माटाका भाँडा बनाइन्थ्यो । अहिले प्रविधिको विकाससँगै काम गर्ने तरिका पनि फेरिएको छ । बिजुलीबाट चल्ने ‘इलेक्ट्रिक हिल’मा माटाका भाँडा तयार गरिन्छन् । बुट्टा चाहिँ हातले नै भर्नुपर्छ । त्यसका लागि कालिगढी सिकेको हुनुपर्छ ।  हेर्न जति रमाइलो लाग्छ, यसमा काम गर्न त्यति नै दु:ख पनि हुन्छ ।

विशेष गरेर सूर्यविनायक नगरपालिकाको वडा नम्बर ५, ६ र ८ मा माटाको भाँडाहरू निर्माण गरिन्छ । माटाको भाँडाको माग नघटे पनि नगरपालिकाको अधिकांश क्षेत्रमा घना बस्ती बसेसँगै माटो नपाउने समस्या आएको छ । माटो नपाएकै कारण अबको आठ दश वर्षमा पेसा नै लोप हुने अवस्थामा पुग्ने सम्भावना देखिएको छ ।

**अभ्यास**

**१. तलका प्रश्नका उत्तर लेख्नुहोस् :**

(क) माटाको भाँडा बनाउने चलन कहिलेदेखि चल्दै आएको हो ?

(ख) माटाका भाँडा विशेष गरी कहिले कहिले प्रयोग गरिन्छ ?

(ग) माटाका भाँडा बनाउन आवश्यक सामग्री के के हुन् ?

(घ) माटाका भाँडा बनाउनु कसको पुर्ख्यौली पेसा हो ?

**२. माटाको भाँडा बनाउने चलन हराउँदै जानुको कारण के होला ? समूहमा छलफल गरी लेख्नुहोस् ।**

**३. माटाको भाँडा बनाउने कार्यलाई स्वरोजगारका रूपमा कसरी विकास गर्न सकिन्छ ? आफ्नो विचार लेख्नुहोस् ।**

**४. माटाका भाँडा बनाउने प्रक्रिया उल्लेख गर्नुहोस् ।**

***शिक्षकलाई निर्देशन:*** *माटाको भाँडा बनाउने स्थानको अवलोकन गराई यसका सिपबारे जानकारी दिनुहोस् ।*

पाठ ३

# पशुपन्छी पालन

मानव सभ्यताको विकाससँगै कृषि पेसालाई अवलम्बन गरिएको हो । समाजको क्रमिक विकाससँगै पशुपालन व्यवसाय सुरु भएको पाइन्छ । आदिम मानवले आफ्नो आहाराका लागि उपयोग र सङ्कलन गरेका चिजबाट नयाँ ज्ञान सिक्दै गए । उनीहरूले उपयुक्त भूभागमा स्थायी बसोबास गरे । जहाँ उनीहरूले उत्पादनका लागि आफूले सङ्कलन गरेका अन्न, फलफूलको बिउ रोपे । पशुपन्छी पालन गर्न पनि सिके । यहीँबाट कृषि तथा पशुपालनको सुरुवात भएको पाइन्छ । नेपालको जनसङ्ख्याको ठुलो हिस्सा अझै पनि आय र रोजगारीका लागि कृषि क्षेत्रमा निर्भर छ ।

कृषि सँगसँगै पशुपालन नेपालको एउटा मुख्य पेसा हो । बहुसङ्ख्यक नेपाली जनसङ्ख्या कृषि पेसामा काम गर्छन् । हाल नेपालमा बाख्रा, गाई, भैँसी, कुकुर, कुखुरा, कालिज, सुँगुर आदिको व्यावसायिक पालन गरिएको छ । पशुपालनको मुख्य उत्पादनमा घिउ, दुध, मासु र उन पर्छन् । नेपालमा पशुपालनबाट दुध, मासु र उन उत्पादन गरिन्छ । नेपालबाट उन भारत र अन्य विभिन्न देशमा निर्यात हुन्छ । नेपालमा बुनेको गलैँचा युरोप अस्ट्रेलियालगायतका विभिन्न देशमा उच्च मूल्यमा निर्यात हुन्छ । नेपालमा फस्टाउँदो व्यापार भनेको दुधजन्य उत्पादन हो । नेपालमा पशुपालनको क्षेत्रमा आधुनिक उपकरणको प्रयोग गर्ने क्रम सुरु भएको छ । त्यसैले पशुपालन व्यवसायको भविष्य उज्ज्वल छ । दुध, मासु र अन्डा पशुपालन व्यवसायका मुख्य क्षेत्र हुन् । कुखुरापालन व्यवसाय देशभर गर्दै आइएको छ । यसका साथै उन्नत जातका जनावरको उत्पादन र बिक्री पनि फस्टाइरहेको छ । अरू जनावरको माझ गाई धेरै लोकप्रिय जनावर हो । नेपालमा यसको धार्मिक र आर्थिक महत्व छ ।

तरकारी बाली, अन्न बाली, फलफूल बाली आदिको तुलनामा पशुपालनबाट बढी उत्पादन र लाभ लिन सकिन्छ । सूर्यविनायक नगरक्षेत्रभित्र पनि गाई, भैँसी, कुखुरा, कालिज, टर्कीजस्ता पशुपन्छी पालिँदै आएका छन् । यसले गर्दा यहाँका नागरिकको जीवनस्तर उकास्न मद्दत पुगेको देखिन्छ ।



कुखुरा पालन



कालिज पालन

**अभ्यास**

**१. तलका प्रश्नका उत्तर लेख्नुहोस् :**

(क) हामी पशु केका लागि पाल्छौँ ?

(ख) कृषि कार्यअर्न्तगत कुन कुन कार्य पर्छन् ?

(ग) कुन कुन जनावरले हामीलाई दुध दिन्छन् ?

(घ) मासुका लागि पालिने जनावर कुन कुन हुन् ?

**२. तलका खाली ठाउँ भरेर वाक्य पूरा गर्नुहोस् :**

(क) .........नेपाली जनसङ्ख्या कृषि पेसामा काम गर्छन् ।

(ख) पशुपालनको मुख्य उत्पादनमा ...........र ..... पर्छन् ।

(ग) नेपालबाट उन ..... र अन्य विभिन्न विदेशी देशमा निर्यात हुन्छ ।

(घ) ... बुनेको गलैँचा युरोप अस्ट्रेलियालगायतका विभिन्न विदेशी देशहरूमा उच्च मूल्यमा निर्यात हुन्छ ।

(ङ) आजभोलि कालिज तथा .....मासुका लागि पाल्न थालिएको छ ।

**३. आफ्नो कक्षाका साथीले कुन कुन जनावर तथा पन्छी पालेका रहेछन्, सोधेर लेख्नुहोस् ।**

**परियोजना कार्य**

**गेडागुडी भिजाएर क्वाँटी तयार पार्नुहोस् र क्यानटिनको सहयोगमा पकाएर खानुहोस् ।**

# एकाइ छ : स्थानीय सिप र प्रविधि

पूर्वज्ञान



चित्र

(क) यो माथिको चित्रमा के देख्नुहुन्छ ?

(ख) यिनका काम के हुन् ?

पाठ : १

## मौलिक र आधुनिक प्रविधि परिचय

दैनिक घरायसी क्रियाकलापलाई सरल, छिटो र प्रभावकारी बनाउन प्रयोग गरिने ज्ञान स्थानीय ज्ञान हो । यही ज्ञानलाई अगाडि बढाउने प्रविधि मौलिक प्रविधि हो । यसले परम्परागत रूपमा विकसित हुँदै आएको ज्ञानको व्यावहारिक प्रयोग गर्ने गर्छ । विभिन्न संस्कृति र समुदायका मानिसले आआफ्नो सिर्जनशीलताको प्रयोग गरी यस्ता विविध ज्ञान र प्रविधिको विकास र प्रयोग गरेका छन् । यस्तो ज्ञान र प्रविधि खास खास समुदाय र संस्कृतिको अभिन्न अङ्गका रूपमा रहेर प्रयोगमा आएको छ । परम्परागत रूपमा स्थानीय सिप, स्रोत र साधनसँग प्रत्यक्ष रूपले जोडिएका प्रविधिगत चालचलनलाई स्थानीय प्रविधि भनिन्छ । ढिकी, जाँतो, ठेकी, डोको, मान्द्रो यस्ता प्रविधि हुन् । कुटानी पिसानी कार्यमा पानी घट्टको प्रयोग हुन्छ । खेतबारी खनजोत गर्न हलोको प्रयोग हुन्छ । यी स्थानीय ज्ञान र प्रविधिका केही उदाहरण हुन् ।





विज्ञान र प्रविधिको विकाससँगै हिजोआज विभिन्न आधुनिक उपकरणको आविष्कार भएको छ । हाम्रा दैनिक घरायसी तथा कार्यालयीय कार्यलाई सरल र सहज बनाएका छन् । यस्ता आधुनिक प्रविधियुक्त उपकरण परम्परागत प्रविधिका तुलनामा सजिलो तथा छिटा हुन्छन् । रेफ्रिजेरेटर (फ्रिज), फोटोकपियर, वासिङ मेसिन आदि आधुनिक प्रविधिका केही उदाहरण हुन् । युग सुहाउँदो जीवनशैली जिउन आधुनिक प्रविधि र उपकरणको प्रयोग गर्न जान्नु हामी सबैको आवश्यकता भइसकेको छ । आधुनिक प्रविधि र उपकरणको प्रयोगले हाम्रो दैनिक जीवनलाई सहज र सरल बनाएको छ ।



स्थानीय वा मौलिक प्रविधि र आधुनिक प्रविधिमा रहेको भिन्नतालाई यसरी प्रस्तुत गर्न सकिन्छ :

| **स्थानीय वा मौलिक प्रविधि** | **आधुनिक प्रविधि** |
|---|---|
| यो पुर्खाले प्रयोग गर्दै आएको प्रविधि हो । | यो नयाँ सोचको अवधारणामा आधारित हुन्छ । |
| यो व्यवसायमुखी देखिँदैन । | यो व्यवसायमुखी देखिन्छ । |
| यसले जीवनस्तर नउकास्न सक्छ । | यसले जीवनस्तर उकास्छ । |
| यसबाट बढी समयमा कम उत्पादन हुन्छ । | यो कम समयमा बढी उत्पादन हुन्छ । |
| यसले आफ्नो परम्परा र संस्कृति चिनाउँछ । | यसले परम्परा र संस्कृतिलाई ध्यानमा राख्दैन । |
| यसमा घरायसी औजारको प्रयोग हुन्छ । | यसमा आधुनिक औजारको प्रयोग हुन्छ । |

सूर्यविनायक नगरपालिकामा हाते ट्याक्टर, थ्रेसर, धान, मकै कुटानी पिसानी मिल देखि ठुला ठुला उद्योगका सामग्रीहरू पनि प्रयोगमा आइसकेका छन् । जसले गर्दा जनजीवन सहज भएको छ ।

**अभ्यास**

**१. तलका प्रश्नका उत्तर लेख्नुहोस् :**

(क) परम्परागत प्रविधिका कुनै उदाहरण दिनुहोस् ।

(ख) हलोले के काम गर्छ ?

(ग) डोको, डालो, मान्द्रो केबाट बन्छ ?

(घ) फ्रिज, वासिङ मेसिन कस्ता उपकरण हुन् ?

**२. तलका खाली ठाउँ भरेर वाक्य पूरा गर्नुहोस् :**

(क) ...,......र ....परम्परागत प्रविधिका उदाहरण हुन् ।

(ख) बाँसबाट .......... बन्छ ।

(ग) ...... र .....आधुनिक प्रविधिका उदाहरण हुन् ।

(घ) ...... प्रविधिले मानिसको जीवनलाई सहज बनाएका छन् ।

**३. आफ्नो कक्षाका साथीले घरमा कुन कुन घरेलु वा आधुनिक उपकरणको प्रयोग गर्नुहुन्छ, सोधेर लेख्नुहोस् ।**

**४. आधुनिक प्रविधिभन्दा परम्परागत प्रविधि ठिक भन्ने विषयको पक्ष र विपक्षमा बोल्नका लागि एक पिरियडको वादविवाद कार्यक्रमको आयोजना गर्नुहोस् ।**

**पाठ २**

# सामाजिक सञ्जालको परिचय

हामी आज हरेक कुरा सजिलै र छिटै थाहा पाउन सक्ने भएका छौं । हामी कहाँ के घटना भयो तुरुन्तै थाहा पाउन सक्छौं । इन्टरनेटबाट चल्ने सामाजिक सञ्जालहरू प्रमुख सञ्चारका माध्यम बनेका छन् । यसमा राम्रो नराम्रो सबै कुरा पाउन सकिन्छ । सूचना सञ्चार प्रविधिको विकासले असम्भव लाग्ने धेरै कुरालाई पनि सम्भव बनाइदिएको छ । हामीलाई चाहिने हरेक कुरा आज इन्टरनेट माध्यमको प्रयोगबाट सजिलोसँग प्राप्त गर्न सकिन्छ ।

सामाजिक सञ्जाल सञ्चारको एक माध्यम हो । सामाजिक सञ्जाल भनेको कम्प्युटर वा मोबाइलमा इन्टरनेट प्रविधिमार्फत आफूले प्राप्त गरेका वा आफूले सिर्जना गरेका विचार, डिजिटल फोटो वा भिडियो आदानप्रदान गर्न प्रयोग गरिने माध्यम हो । यसले मानिसलाई जागरुक बनाउने, जानकारी दिने र लिने कार्यमा सहयोग गरेको छ ।



सन् २००४ फेब्रुअरीमा मार्क जुकरबर्गले फेसबुकको स्थापना गरेका हुन् । फेसबुक अहिले विश्वमै सबैभन्दा धेरै लोकप्रिय बनेको छ । धेरै मानिसले फेसबुक चलाउँछन् । यसैको माध्यमबाट आज विश्वका जुनसुकै स्थानमा घटित घटनाहरू तत्कालै बाहिर आउन सकेका छन् । हाम्रो समाजमा लुकेका विकृति पर्दाफास हुने जस्ता विषय पनि यसैको माध्यमबाट सार्वजनिक हुने गरेका छन् ।

इन्टरनेट प्रविधिको माध्यमद्वारा आफ्ना विचार वा सिर्जनशीलता आदानप्रदान गर्न प्रयोग गरिने माध्यमलाई सामाजिक सञ्जाल भनिन्छ । यो सूचना दिने अनलाइन प्रविधिको एक सामूहिक रूप पनि हो । प्राविधिक विकास सँगसँगै सबैको हातहातमा मोबाइल र इन्टरनेटको सहज उपलब्धताले गर्दा विश्वभरि नै जनसङ्ख्याको ठुलो हिस्सा सूचना प्रणालीमा जोडिन पुगेको छ ।

इन्टरनेटबाट सेकेन्डमै संसारका घटना, खबर थाहा पाउन सकिन्छ । यसको पहुँच र प्रयोगको दायरा फराकिलो बन्दै गएको छ ।

सामाजिक सञ्जालको प्रयोग र यसका सन्दर्भमा विभिन्न टीका टिप्पणी र बहस पनि भएका छन् । यसका सकारात्मक तथा नकारात्मक पक्ष छन् । सामाजिक सञ्जालमा जोडिने ट्विटर, फेसबुक, इन्स्टाग्राम, युट्युब, टिकटकको प्रयोग दुरुपयोग दुवै भएको छ । ट्विटर, फेसबुक र इन्स्टाग्रामजस्ता सामाजिक सञ्जालमा मन लागेको भावना व्यक्त गर्नुका साथै छाडापन पन बढेको छ । युट्युब र टिकटकजस्ता सञ्जालले आफ्नो प्रतिभा निखार्ने अवसर दिएको पनि छ । यी प्रतिभा वा अवसर देखाउने ठाउँ पनि बनेका छन् । यिनको दुरुपयोग पनि भएको पाइन्छ ।



इन्टरनेटले भ्वाइस र भिडियो कललाई सजिलो पारिदिएकाले देशविदेशमा बसेका आफन्तसँग कुराकानी एवम् सम्पर्क गर्न सजिलो भएको छ ।सामाजिक सञ्जालकै माध्यमले  दुर्गम क्षेत्रका दिदीबहिनी, दाजुभाइले आफ्नो जीवनशैलीमा व्यापक सुधार गर्ने मौका समेत पाएका छन् ।

इन्टरनेटबाट विभिन्न  ज्ञान र सिप आर्जन गर्न सकिन्छ । आधुनिक संसार यसैमा जोडिएको छ । अहिलेको समयमा सामाजिक सञ्जाल विश्वमा सञ्चारको प्रमुख माध्यम बनेको छ । सामाजिक सञ्जालले हामीलाई हाम्रा विचार, समाचार, सूचना र कागजात आदानप्रदान गर्न सहज  बनाएको छ । सदुपयोग गर्न नजान्दा यो मानव सभ्यताको अभिशाप पनि बन्न पुगेको छ ।

**अभ्यास**

**१. तलका प्रश्नका उत्तर लेख्नुहोस् :**

(क) फेसबुक कसले बनाएका थिए ?

(ख) इन्टरनेट प्रयोग गरेर हामी के के गर्न सक्छौँ ?

(ग) सामाजिक सञ्जाल भनेको के हो ?

(घ) सामाजिक सञ्जालका कुनै तीन उदाहरण लेख्नुहोस् ।

(घ) सामाजिक सञ्जाल जथाभावी प्रयोग गर्नाले के हुन्छ ?

**२. तलका खाली ठाउँ भरेर वाक्य पूरा गर्नुहोस् :**

(क) फेसबुक, इन्स्टाग्राम, युट्युब .....का उदाहरण हुन् ।

(ख) .... को प्रयोग गरेर हामी टाढा बसेका मानिससँग कुराकानी तथा भिडियो च्याट गर्न सक्छौँ ।

(ग) ....को समयमा सामाजिक सञ्जाल समाचारको मुख्य स्रोत बन्न थालेको छ ।

(घ) सामाजिक सञ्जालको दुरुपयोग गर्ने मान्छे साइबर ... अर्न्तगत सजायको भागीदार बन्नुपर्छ ?

(ङ) सामाजिक सञ्जालका दुवै फाइदा र ....बेफाइदा छन् ।

**३. आफ्नो कक्षाका साथीले घरमा के कस्ता सामाजिक सञ्जालका एपहरू प्रयोग गर्नुहुन्छ ? सोधेर लेख्नुहोस् ।**

**परियोजना कार्य**

**सामाजिक सञ्जालका दुरुपयोगसम्बन्धी कुनै चारओटा समाचार पत्रपत्रिकाबाट काटेर चार्ट पेपरमा टाँसेर कक्षाको सूचना पाटीमा टाँस्नुहोस् ।**